# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ८३ | काठमाडौं | बुधबार, ३१ असार २०८३ | Prabhab National Daily | Wednesday, 15 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सर्वोच्चले खारेज गरिदियो वालेन्द्र सरकारको विभेदकारी विज्ञापन नीति

### निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय गैरकानुनी ठहर



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्ने वालेन्द्र सरकारको निर्णय सर्वोच्च अदालतले खारेज गरिदिएको छ। सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्रै प्रवाह गर्ने सरकारको नीतिलाई सर्वोच्चले गैरकानुनी ठहर गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जारी गरेको परिपत्र बदर गरेको हो।

न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले मंगलबार सरकारको उक्त निर्णय उल्टयाउँदै उत्प्रेषणको आदेश जारी गरेको हो। अदालतको आदेशसँगै संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले अब निजी सञ्चारमाध्यममा पनि विज्ञापन तथा सार्वजनिक सूचना दिन सक्ने भएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले नयाँ सरकार गठन भएपछि गत वर्षको चैत १८ गते परिपत्र जारी गर्दै सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमबाहेक अन्यत्र नदिन संघीय, प्रदेश र स्थानीय तहका निकायलाई निर्देशन दिएको थियो। सरकारको यो निर्णयलाई निजी तथा सामुदायिक सञ्चारमाध्यममाथि आर्थिक नाकाबन्दी सिर्जना गर्ने प्रयासका रूपमा आलोचना गरिएको थियो।

- सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्रै प्रवाह गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको निर्णय खारेज
- संघ, प्रदेश र स्थानीय सरकारले निजी सञ्चारमाध्यमलाई विज्ञापन दिन मिल्ने
- सर्वोच्चको उत्प्रेषण आदेश कार्यान्वयन गर्न सरकारसँग नेपाल पत्रकार महासंघको माग

उक्त निर्णयविरुद्ध नेपाल मिडिया सोसाइटीकातर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। रिटमा सरकारको निर्णयले निजी सञ्चारमाध्यमलाई आर्थिकरूपमा कमजोर पार्ने, प्रेस स्वतन्त्रतामा अंकुश लगाउने तथा संविधानले सुनिश्चित गरेको समान व्यवहारको सिद्धान्त उल्लंघन गरेको जिकिर गरिएको थियो।

सर्वोच्च अदालतले सोही रिटमाथि सुनुवाइ गर्दै सरकारको परिपत्र खारेज गरिदिएको हो। फैसलाको पूर्णपाठ भने केही दिनपछि सार्वजनिक हुने सर्वोच्च प्रशासनले जनाएको छ। रिट निवेदक अधिवक्ता लुइँटेलले सर्वोच्चको आदेशले सरकारको निर्णयको औचित्य समाप्त भएको बताए।

क्रमशः पृष्ठ २ मा

### नक्कली भुटानी शरणार्थी प्रकरणमा १६ जनालाई तोकियो सजाय

## पूर्वउपप्रधानमन्त्री रायमाझीलाई चार वर्ष, पूर्वगृहमन्त्री खाँणलाई दुई वर्ष कैद

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने संगठित अपराधको मुद्दामा दोषी ठहर भएकाहरूलाई सजाय तोकिएको छ। जिल्ला अदालत काठमाडौंले मंगलबार पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीसहितका दोषीहरूमाथि कैद सजाय र जरिवाना तोकेको हो।

न्यायाधीश तेजबहादुर खड्काको इजलासले मंगलबार उक्त मुद्दाको पूर्ण फैसला सुनाउँदै रायमाझीलाई चार वर्ष कैद सजाय ४० हजार रूपैयाँ जारिवाना तोकेको छ। उनलाई सरकारी लिखत किर्तेमा दुई वर्ष कैद र २० हजार रूपैयाँ जरिवाना, ठगीमा तीन वर्ष कैद र ३० हजार रूपैयाँ जरिवाना, राज्य विरुद्धको कसुर दफा ५१ (४) एक वर्ष छ महिना कैद र १५ हजार रूपैयाँ जरिवाना तथा राज्यविरुद्धको कसुर दफा ५१(७) तर्फ छ महिना थप कैदसहित एकीकृत सजाय चार वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना तोकिएको हो।

रायमाझीले तीन वर्ष दुई महिना थुनामा बसिसकेका छन्। त्यसैले अब बाँकी १० महिना कैद भुक्तानी गरेपछि उनी थुनामुक्त हुने भएका छन्। रायमाझी २०८० वैशाख ३१ गते पक्राउ परेका थिए। उनलाई अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो। त्यसैले उनी निरन्तर जेलमै छन्। भदौ २३ र २४ को जेन-जी आन्दोलनका क्रममा 'जेल ब्रेक' हुँदा रायमाझी १५ दिनजति बाहिर बसेका थिए। पछि आफैं फिर्ता भएका थिए।

रायमाझीसँगै पूर्वगृहसचिव टेकनारायण पाण्डे र अरू सात जनालाई पनि चार वर्ष कैद र ४० हजार रूपैयाँ कैद सजाय तोकिएको छ। यसरी सजाय पाउनेमा केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, विक्रम भन्ने गोविन्दकुमार चौधरी, सन्देश शर्मा, डा. इन्द्रजित राई, आङटावा शेर्पा रहेका छन्। अघिल्लो मंगलबार (२१ असार) उनीहरूलाई जिल्ला अदालतले दोषी ठहर गरेको थियो।



टोपबहादुर रायमाझी



बालकृष्ण खाँण



टेकनारायण पाण्डे



इन्द्रजित राई



टेकनाथ रिजाल



केशवप्रसाद दुलाल

**कसलाई कति सजाय ?**

| | |
|---|---|
| टोपबहादुर रायमाझी | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| बालकृष्ण खाँण | २ वर्ष कैद र २० हजार रूपैयाँ जरिवाना |
| टेकनाथ रिजाल | २ वर्ष कैद र २० हजार रूपैयाँ जरिवाना |
| केशवप्रसाद दुलाल | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| सानु भण्डारी | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| सागर राई | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| सन्देश शर्मा | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| डा. इन्द्रजित राई | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| गोविन्द भन्ने गोविन्दकुमार चौधरी | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| आङटावा शेर्पा | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| टेकनारायण पाण्डे | ४ वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना |
| नरेन्द्र केसी | १ वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना |
| शमशेर मिया | १ वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना |
| हरीभक्त महर्जन | १ वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना |
| निरञ्जनकुमार खरेल | १ वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना |

अदालतले कसुरअनुसार कैद र जरिवाना भनी अलग-अलग सजाय तोके पनि जुन कसुरमा सबभन्दा बढी कैद सजाय तोकिएकोलाई आधार बनाएर अन्य कसुरको थप कैद जोडेर एकीकृत सजाय निर्धारण गर्ने गर्छ। सोहीअनुसार एकीकृत फैसलालाई अन्तिम सजाय मानिन्छ।

पूर्वगृहमन्त्री एवं नेपाली कांग्रेसका नेता बालकृष्ण खाँणलाई यो मुद्दामा मतियार ठहर गर्दै दुई वर्ष कैद र २० हजार रूपैयाँ जरिवाना तोकेको छ। यसअघि उनी सात महिनाजति थुनामा बसेका थिए। त्यतिबेला अदालतले उनलाई धरौटीमा छोडेको थियो। उनी थुनामा बसेको अवधि कटाएर बाँकी अवधि जेल बस्नुपर्ने छ। जसअनुसार उनी अब एक वर्ष पाँच महिना जेल बस्नुपर्ने छ। यो हिसाबले खाँणभन्दा पहिले रायमाझी थुनामुक्त हुने देखिन्छ।

खाँणका स्वकीय सचिव नरेन्द्र केसीलाई एक वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना तोकेको छ।

'नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने भनी ठगीको धन्धा चलाउने, चलाइरहेका व्यक्तिहरूलाई प्रत्यक्ष सहयोग पुग्नेगरी नीति निर्माण तहमा रहेर कार्य गर्ने काममा प्रतिवादी टेकनारायण पाण्डे संलग्न रहेको देखिन आयो। यसरी प्रतिवादीहरूमध्ये केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, विक्रम भन्ने गोविन्दकुमार चौधरी, आङटावा शेर्पा,...

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## व्यवसायीलाई कारबाही गरेकोप्रति संघद्वारा श्रम मन्त्रालयको ध्यानाकर्षण

### पर्याप्त आधारविना कारबाही गर्दा व्यवसायीको प्रतिष्ठामा असर पुगेको ठहर

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारको असंवेदनशील निर्णयले व्यवसायीमा असुरक्षा पैदा भएको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले युवा, श्रम तथा रोजगार मन्त्रालयको ध्यानाकर्षण गराएको छ। मंगलबार श्रममन्त्री रामजी यादव तथा श्रमसचिव डा. दीपक काफ्लेलाई पत्र बुझाउँदै संघले भारतीय विमानस्थल प्रयोग गर्ने म्यानपावर व्यवसायीलाई कारबाही गरेकोप्रति गम्भीर ध्यानाकर्षण गराएको हो।

सरकारले पर्याप्त आधारविना व्यवसायीहरूलाई कसुरदारसरह प्रस्तुत गरेको संघको ठहर छ। कारबाहीले लामो समयदेखि व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीको अन्तर्राष्ट्रिय छवि र विश्वसनीयतामाथि प्रतिकूल असर परेको जनाइएको छ। वैदेशिक रोजगार विभागले असार २७ गते भारतीय विमानस्थलबाट श्रमिक पठाउने ५९८ वटा संस्थाको नाम सार्वजनिक गर्दै कारबाही गरेको थियो। विभागले गरेको कारबाहीले कतिपय व्यवसायीको इथिकल रिक्रुटमेन्टसम्बन्धी मागसमेत



> श्रममन्त्री र सचिवले अध्ययन गर्ने भने पनि त्रुटि सच्याउनुहुन्छ जस्तो लाग्दैन। विभागको डिजीले राजपत्रमा प्रकाशित भएको कानुन कार्यान्वयन गराउनबाट पछि हट्न सकिँदैन भन्नुभएको छ। उहाँले मन्त्रालयसँग सल्लाह गरेरै उक्त सूचना निकाल्नुभयो होला। हामीले कसरी अगाडि बढ्ने भन्ने निष्कर्ष ननिकाले गाह्रो पर्ने अवस्था छ।
>
> **■ हिराबहादुर डाँगी**
> महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

रद्द भएको जनाइएको छ।

२०८१ कात्तिक २३ गते परराष्ट्र मन्त्रालय, तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा (हाल युवा, श्रम तथा रोजगार) मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संयुक्त मन्त्रीस्तरीय निर्णयअनुसार विशेष परिस्थितिमा भारतबाट श्रमिक प्रस्थान गर्दा एनओसी आवश्यक नपर्ने व्यवस्था लागू गरिएको थियो। संघले उक्त निर्णयको स्मरण गराउँदै सोही विषयलाई लिएर कानुन उल्लंघनको आरोप लगाउनु व्यावहारिक नभएको दाबी गरेको छ। सयौं व्यवसायी कारबाहीमा परेको विषय सञ्चारमाध्यममा अतिरञ्जित गरेर प्रस्तुत हुँदा व्यवसायीको प्रतिष्ठामाथि असर पुगेकोसमेत पत्रमा उल्लेख गरिएको छ।

संघले उक्त विषयलाई सम्बोधन नगरे श्रमिक पठाउने कार्यलाई निरन्तरता दिन नसक्ने भनेको छ। यसमा श्रममन्त्री यादव र सचिव काफ्लेले अध्ययन गरेर आवश्यक निर्णय गर्ने जवाफ दिएको संघका महासचिव हिराबहादुर डाँगीले बताए। यद्यपि, सरकारको जवाफमा विश्वास गरिहाल्नसक्ने अवस्था नरहेको उनको भनाइ छ। 'मन्त्री र सचिवले अध्ययन गर्ने भने पनि त्रुटि सच्याउनुहुन्छ जस्तो लाग्दैन। विभागको डिजीले राजपत्रमा प्रकाशित भएको कानुन कार्यान्वयन गराउनबाट पछि हट्न सकिँदैन भन्नुभएको छ,' उनले भने, 'उहाँले मन्त्रालयसँग सल्लाह गरेरै उक्त सूचना निकाल्नुभयो होला। हामीले कसरी अगाडि बढ्ने भन्ने निष्कर्ष ननिकाले गाह्रो पर्ने अवस्था छ।'

यस विषयमा सम्पूर्ण घटक संस्थासँग छलफल गर्ने र मन्त्रालयबाट आधिकारिक राय आएपछि त्यहीअनुसार अघि बढ्ने तयारी भएको महासचिव डाँगीले बताए।

## गृहमन्त्री र मिटरब्याज पीडितबीच जुटेन सहमति

- तीन प्रतिवेदन सार्वजनिक गर्ने सरकारको निर्णय
- गृहमन्त्री र मिटरब्याजपीडितबीच तेस्रो चरणको वार्ता हुँदै
- काठमाडौंतर्फ आउँदै गरेका मिटरब्याजपीडितहरूलाई गृहमन्त्रीले मधेस पुगेर रोके, सहमतिको प्रयास जारी

> हाम्रो मागमा अहिलेसम्म सरकारसँग कुनै लिखित सहमति भएको छैन। प्रधानमन्त्री कार्यालयमा छलफल भइरहेको छ। त्यसको निर्णय आएपछि फेरि वार्ता हुन्छ। तर, लिखित सहमति नभएसम्म आन्दोलन रोकिँदैन।
>
> **■ लक्ष्मी घिमिरे**
> मिटरब्याजपीडित अभियन्ता

**■ जेबी योञ्जन**

**काठमाडौं–** गृहमन्त्री सुधन गुरुङ र मिटरब्याज पीडितबीच भएको दोस्रो चरणको वार्ता पनि निष्कर्षविहीन बनेपछि आन्दोलन अझै जारी रहने भएको छ। आन्दोलनरत पक्षले आफ्ना छ बुँदे मागमा सरकारसँग लिखित सहमति हुन नसकेको भन्दै आन्दोलन नरोकिने र आवश्यकता परे जनकपुरबाट सुरु गरिएको पैदल न्याय मार्च पुनः संघीय राजधानी काठमाडौंतर्फ अघि बढाउने चेतावनी दिएको छ।

दोस्रो चरणको वार्तामा गृहमन्त्री गुरुङको नेतृत्वमा सरकारी टोली र आन्दोलनरत पक्षबीच मंगलबार लामो छलफल भए पनि मागका विषयमा ठोस सहमति हुन सकेन। वार्तापछि प्रधानमन्त्री कार्यालयमा आन्दोलनकारीले अघि सारेका छ बुँदे मागमाथि उच्चस्तरीय छलफल भएको छ। उक्त छलफलको निष्कर्ष सार्वजनिक गरिएको छैन। सार्वजनिक भएपछि मात्रै तेस्रो चरणको वार्ता बस्ने सहमति भएको छ।

मिटरब्याजपीडित अभियन्ता लक्ष्मी घिमिरेले सरकारसँग कुनै लिखित सहमति नभएसम्म आन्दोलन नरोकिने स्पष्ट पारिन्। उनले प्रभावसँग भनिन्, 'हाम्रो मागमा अहिलेसम्म सरकारसँग कुनै लिखित सहमति भएको छैन। प्रधानमन्त्री कार्यालयमा छलफल भइरहेको छ। त्यसको निर्णय आएपछि फेरि वार्ता हुन्छ। तर, लिखित सहमति नभएसम्म आन्दोलन रोकिँदैन।'

उनले सरकारले माग सम्बोधनमा स्पष्ट प्रतिबद्धता नजनाए आन्दोलनलाई थप सशक्त बनाइने चेतावनी पनि दिइन्। 'यदि सरकार र आन्दोलनरत पीडित पक्षबीच मागपत्रका विषयमा लिखित सहमति हुन सकेन भने पैदल न्याय मार्च पुनः संघीय राजधानी काठमाडौंतर्फ अघि बढ्ने छ,' उनले भनिन्।

वार्ताका क्रममा सरकारले केही सकारात्मक संकेत भने देखाएको छ। गृहमन्त्री गुरुङले मिटरब्याजसम्बन्धी अध्ययन गर्न गठन गरिएका तीनवटै आयोगका प्रतिवेदन तत्काल सार्वजनिक गर्न गृह मन्त्रालयलाई निर्देशन दिएका छन्।

सार्वजनिक गर्न निर्देशन दिइएका प्रतिवेदनमा गौरीबहादुर कार्की आयोग, तेजबहादुर कार्की आयोग र बाबुराम रेग्मी आयोगका प्रतिवेदन रहेका छन्। आन्दोलनरत पक्षले लामो समयदेखि ती प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै आएको थियो।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### पूर्वउपप्रधानमन्त्री...

टेकनारायण पाण्डे र टोपबहादुर रायमाझीले वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम आरोपित ठगी तथा संगठित अपराधको कसुर गरेको ठहर्छ,' असार २३ गते जारी आदेशमा भनिएको छ ।

यस्तै, भुटानी शरणार्थी नेता टेकनाथ रिजाललाई दुई वर्ष कैद र २० हजार रूपैयाँ जरिवाना तोकेको छ । हज समितिका पूर्वअध्यक्ष शमशेर मियाँलाई भने संगठित ठगीको 'मतियार' (सहयोगी) ठहर गर्दै एक वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना तोकेको छ ।

यस्तै यो प्रकरणमा हाइप्रोफाइल सेटिङ मिलाएको आरोप लागेका बेचन झा ठगी कसुरमा दोषी ठहर भएका छन् । झाले सरकारी लिखत किर्ते, संगठित अपराध, राज्यविरुद्धको कसुर तथा एकीकृत कसुर गरेको भन्ने दाबी नपुगेकोले उनलाई एक वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना तोकेको छ । २०८१ असार १४ गते पक्राउ परेका झा त्यसयता पुर्पक्षका लागि सुन्धारा कारागारमा छन् ।

#### इन्द्रजित राई अब दुई महिना कैद बसे पुग्ने

भुटानी शरणार्थी प्रकरणमा मुछिएका राईलाई एकीकृततर्फ चार वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना निर्धारण गरिएको छ । ठगीमा दुई वर्ष कैद र २० हजार रूपैयाँ जरिवाना, संगठित अपराधमा तीन वर्ष कैद र ३० हजार रूपैयाँ जरिवाना, राज्यविरुद्धको कसुरमा एक वर्ष छ महिना कैद र १५ हजार रूपैयाँ जरिवाना, सोही कसुरमा थप छ महिना कैद तोकिएको हो ।

राईको हकमा उनी ७५ वर्ष नाघेकाले उनको ७५ प्रतिशत सजाय छुट हुने अदालतले उल्लेख गरेको छ । अब उनले दुई महिना १३ दिन कैद र जरिवाना भुक्तान गरे पुग्ने छ । उनी पुर्पक्षका लागि थुनामै छन् । उनले तीन वर्ष दुई महिना १० दिन सजाय भुक्तान गरिरसकेका छन् । बाँकी नौ महिना २० दिन कैदको हकमा छुट हुने छ । उनले सात महिना सात दिन कैद छुट पाउने फैसलामा उल्लेख छन् ।

#### सात जनाले पाएका थिए सफाइ

जिल्ला अदालत काठमाडौंले यो मुद्दामा प्रतिवादीमध्ये सात जनालाई सफाइ दिएको थियो । यसरी सफाइ पाउनेमा रामशरण केसी, टंककुमार गुरुङ, सन्दीप रायमाझी, प्रतीक थापा, लक्ष्मी महर्जन, केशव तुलाधर र आशिष बुढाथोकी रहेका छन् । सन्दीप पूर्वउपप्रधानमन्त्री रायमाझीका छोरा हुन् भने प्रतीक पूर्वगृहमन्त्री एवं एमाले नेता रामबहादुर थापाका छोरा हुन् ।

जिल्ला अदालतको यो फैसलाविरुद्ध थुनामा रहेका र बाहिर रहेका कसुरदारले अब उच्च र सर्वोच्चमा पुनरवेदन गर्न पाउने छन् । ३१ जनालाई प्रतिवादी बनाइएको यस मुद्दामा १६ जना दोषी ठहर भएका छन् भने सात जनाले सफाइ पाएका छन् । अन्य प्रतिवादीको हकमा अदालतले अभियोगअनुसार फरक-फरक फैसला गरेको थियो ।

नेपालको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ अनुसार तीन वर्षभन्दा बढी कैद हुने मुद्दामा कसुर ठहर भएको ३० दिनभित्र सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने हुन्छ ।

■■■

### सर्वोच्चले खारेज...

'प्रधानमन्त्री कार्यालयबाट जारी गरिएको परिपत्र सर्वोच्च अदालतको आदेशसँगै खारेज भएको छ । अब सरकारी निकायहरूले आफ्ना विज्ञापन र सार्वजनिक सूचना निजी सञ्चारमाध्यममा पनि दिन सक्छन्,' उनले भने ।

उनका अनुसार सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै सीमित गर्ने निर्णयले निजी सञ्चारमाध्यममाथि आर्थिक नाकाबन्दी गर्ने अवस्था सिर्जना गरेको थियो ।

सरकारले यसअघि अध्यादेशमार्फत सार्वजनिक खरिद ऐन संशोधन गरी बोलपत्रसम्बन्धी सूचना सञ्चारमाध्यममा अनिवार्यरूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था पनि हटाएको थियो । त्यस व्यवस्थाविरुद्ध परेको रिट सर्वोच्च अदालतमा विचाराधीन रहेको जानकारी दिँदै लुइँटेलले त्यसलाई पनि पुनरावलोकन गर्नुपर्ने बताए ।

सर्वोच्चको फैसलालाई नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आएको ऐतिहासिक निर्णय भन्दै स्वागत गरेको छ । महासंघका महासचिव रामप्रसाद दाहालले जारी गरेको विज्ञप्तिमा निजी र सामुदायिक सञ्चारमाध्यमलाई आर्थिक नाकाबन्दी लगाउने उद्देश्यले गरिएको निर्णय अदालतले खारेज गरेसँगै पत्रकारिता क्षेत्रले न्यायको अनुभूति गरेको उल्लेख गरेको छ ।

'निजी र सामुदायिक सञ्चारमाध्यमलाई आर्थिक नाकाबन्दी लगाउने निर्णय खारेज हुनु प्रेस स्वतन्त्रता, सूचनाको हक, संघीयता र उदार अर्थनीतिको पक्षमा आएको महत्त्वपूर्ण फैसला हो,' महासंघले जनाएको छ ।

दाहालका अनुसार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र संघीय व्यवस्थाको मर्मविपरीत भएको भन्दै उक्त निर्णय खारेज गराउन तीन महिनादेखि आन्दोलन हुँदै आएको थियो । असार २१ गते सम्पन्न राष्ट्रिय सम्मेलनले सरकारलाई एक साताभित्र निर्णय फिर्ता लिन अल्टिमेटम दिँदै अन्यथा सिंहदरबार केन्द्रित आन्दोलन र अन्तर्राष्ट्रिय मिडिया मिसनसमेत आह्वान गर्ने निर्णय गरेको थियो ।

महासंघले सर्वोच्चको आदेशलाई आफ्नो आन्दोलनको उपलब्धिका रूपमा व्याख्या गर्दै आन्दोलनमा साथ दिने सञ्चार संस्था, पत्रकार र नागरिक समाजप्रति धन्यवाद व्यक्त गरेको छ । साथै अदालतको फैसला अक्षरशः कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ ।

यस फैसलासँगै वालेन्द्र सरकारको सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने नीति कानुनीरूपमा निष्क्रिय बनेको छ । सर्वोच्च अदालतको आदेशले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट बाहिर राख्ने सरकारी कदममा पूर्णविराम लगाइदिएको छ भने प्रेस स्वतन्त्रता र समान प्रतिस्पर्धाको संवैधानिक सिद्धान्तलाई थप बल पुगेको सञ्चार क्षेत्रको बुझाइ छ ।

■■■

### गृहमन्त्री...

यद्यपि आयोगका प्रतिवेदन सार्वजनिक गर्ने निर्णयलाई मात्र पर्याप्त नरहेको आन्दोलनकारीको भनाइ छ । उनीहरूका अनुसार मुख्य मागहरूमा सरकारले लिखित प्रतिबद्धता जनाउनुपर्ने छ । वार्तामा सरकार र आन्दोलनरत पक्षले आ-आफ्नो प्रस्तावमाथि थप गृहकार्य गर्ने सहमति गरेका छन् । प्रधानमन्त्रीस्तरीय छलफलको निष्कर्षपछि तेस्रो चरणको वार्ता बस्नेछ । त्यस वार्ताले आन्दोलनको भविष्य निर्धारण गर्ने घिमिरेले बताइन् ।

मिटरब्याज पीडितहरूले असार २५ गते जनकपुरधामको ऐतिहासिक तिरहुतियागाछीबाट काठमाडौंसम्मको पैदल न्याय मार्च सुरु गरेका थिए । विभिन्न जिल्लाबाट आएका पीडितहरूले मिटरब्याजका कारण आफ्नो सम्पत्ति गुमेको, फर्जी कागजातका आधारमा घरजग्गा कब्जा भएको तथा न्याय नपाएको भन्दै आन्दोलन गर्दै आएका छन् ।

आन्दोलनरत पक्षले मिटरब्याजसँग सम्बन्धित फर्जी तमसुक, दृष्टिबन्धक, रजिस्ट्रेसन तथा चेकलगायतका लिखत खारेज, मिटरब्याज नियन्त्रणका लागि प्रभावकारी कानुन निर्माण, विशेष न्यायाधीकरण गठन, दोषीमाथि कारबाही तथा विगतमा सरकारसँग भएका सहमति कार्यान्वयनलगायत छ बुँदे माग अघि सारेको छ ।

पीडितहरूको भनाइमा यसअघि पनि सरकारसँग पटक-पटक सहमति भए पनि कार्यान्वयन नभएकाले यसपटक मौखिक आश्वासनमा विश्वास गर्ने अवस्था छैन । त्यसैले माग सम्बोधन हुने स्पष्ट लिखित सहमति नहुँदासम्म आन्दोलन जारी रहने उनीहरूको अडान छ । उनीहरूले स्पष्टरूपमा भनेका छन् कि लिखित सहमति नभएसम्म आन्दोलन रोकिने छैन, आवश्यक परे न्याय मार्च पुनः काठमाडौंतर्फ अघि बढ्ने छ ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनावी बाचापत्रमा मिटरब्याजपीडितको समस्या समाधान गर्ने उल्लेख छ । तर, सरकार गठन भएको १०० दिनसम्ममा समस्या समाधानका लागि वालेन्द्र सरकार मौन रहेपछि उनीहरू आन्दोलित भएका हुन् । उनीहरू काठमाडौंतर्फ दैनिक २० किलोमिटर हिँडेर आइरहँदा हतारहतार गृहमन्त्री गुरुङ मधेस गएका हुन् ।

यता राजधानीमा सुकुमबासीको अधिकारको पक्षमा आन्दोलन भइरहेको छ । दृष्टिविहीन र सुस्तावासी सरकारबाट केही आश्वासन पाएपछि आन्दोलन स्थगित गर्दै घर फर्किए पनि इन्टर्न चिकित्सकदेखि सुकुमबासीहरू आन्दोलित छन् । यस्तोमा मिटरब्याजपीडित पनि आन्दोलनमा थपिन लाग्दा उनीहरूलाई रोक्न गृहमन्त्री मधेस पुगेका हुन् ।

## बस्ती जोगाउन तटबन्ध निर्माण

**पाँचथर–** पाँचथरको फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिकाको सीमास्थित हेंवा खोला किनारमा रहेको माझीटार बस्ती जोगाउन तटबन्ध निर्माण सम्पन्न भएको छ ।

सिँचाइ तथा जलस्रोत आयोजना कार्यालय झापाले माझीटारको बस्ती र खेतीयोग्य जमिन संरक्षणका लागि हेंवा खोलाको दुवैतर्फ तटबन्ध निर्माण गरेको हो । हिलिहाङ गाउँपालिकातर्फ १८० मिटर र फिदिम नगरपालिकातर्फ ९६ मिटर लामो तटबन्ध निर्माण गरिएको आयोजना कार्यालयका प्राविधिक दिनेश सुवेदीले जानकारी दिए । उनका अनुसार तटबन्ध तीन मिटर उचाइको छ ।

बर्सेनि हुने कटानबाट बस्ती र खेतीयोग्य जमिन जोगाउने उद्देश्यले तटबन्ध निर्माण गरिएको सुवेदीले बताए । तीन करोड रूपैयाँको लागतमा रणकाली माता निर्माण कम्पनीले हेंवा खोलामा २७६ मिटर र पाँचथर-ताप्लेजुङ सीमास्थित काबेली नदीमा २०० मिटर लामो तटबन्ध निर्माण गरेको हो ।

बाढीले बहाव परिवर्तन गरेपछि हेंवा खोलाले विगत तीन वर्षदेखि व्यापारिक तथा पर्यटकीय क्षेत्र माझीटारमा कटान गर्दै आएको छ । बाढी र कटानका कारण सयौं रोपनी खेतीयोग्य जमिनमा क्षति पुगेको छ भने सिँचाइ र खानेपानीका स्रोतसमेत प्रभावित भएका छन् । खोलाको कटानबाट बस्ती र खेतीयोग्य जमिन जोगाउन यस वर्षदेखि तटबन्ध निर्माण थालिएको हिलिहाङ गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक वीरेन्द्र मंग्रातीले बताए ।

उनका अनुसार तटबन्ध विस्तारका लागि आगामी आर्थिक वर्ष २०८३/८४ मा पनि संघीय सरकारले बजेट विनियोजन गर्ने तयारी गरेको छ । 'स्थानीय सरकारको बजेटले नपुग्ने भएपछि हामीले संघीय सरकारका कार्यालयमार्फत बजेट विनियोजनका लागि पहल गरिरहेका छौं,' मंग्रातीले भने, 'यस वर्ष कामको सुरुआत गर्न सफल भएका छौं ।'

हेंवा खोलाको दायाँबायाँ रहेको माझीटार बस्ती पछिल्लो समय तमोर नदीको बहाव परिवर्तनका कारण थप जोखिममा परेको छ । 'एकातर्फ हेंवा खोलाले बर्सेनि क्षति पुर्‍याइरहेको छ, अर्कोतर्फ तमोर नदीको बहाव बस्तीतर्फ सोझिँदा जोखिम बढेको छ,' स्थानीयवासी वीरबहादुर माझीले भने, 'तमोरतर्फ पनि तटबन्ध निर्माण गर्न जरुरी भइसकेको छ ।'

नेपाल माझी उत्थान संघ पाँचथरका अध्यक्ष रामकुमार माझीले तटबन्ध निर्माणपछि माझीटारको मुख्य बस्तीको जोखिम केही कम भएको बताए । माछाका परिकारका लागि प्रख्यात माझीटारमा स्वादिष्ट स्थानीय माछाका कारण फिदिम आउने अधिकांश पर्यटक पुग्ने गर्छन् । तर बस्ती नै बाढीको जोखिममा परेपछि स्थानीयवासी र व्यवसायी चिन्तित रहेको अवस्थामा तटबन्धले केही राहत दिएको उनले बताए । साथै आगामी दिनमा थप व्यवस्थित संरचना निर्माण गर्नुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । *रासस*


**बीमालेख प्रमाणपत्र हराएको सूचना**

मिति २०८३/०२/२९ गते काठमाडौंस्थित मनमैजुदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Ramkrishna Karki
बिमालेख नं. : 52110020208
कम्पनी : Asian Life Insurance Ltd
ठेगाना : Sindhupalchwok
सम्पर्क नं : 9841989214

**बीमालेख प्रमाणपत्र हरायो**

मिति २०८३/०२/२५ गते काठमाडौं, चावहिलदेखि बालाजुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Tara Thapa
बिमालेख नं.: 3020000909
कम्पनी : Sanima Reliance Life Insurance Ltd
ठेगाना : Kathmandu
सम्पर्क नं : 9841393679

**बीमालेख प्रमाणपत्र हराएको सूचना**

मिति २०८३/०२/२९ गते काठमाडौंस्थित मनमैजुदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Hira Bahadur Karki
बिमालेख नं. : 52110020205
कम्पनी : Asian Life Insurance Ltd
ठेगाना : Sindhupalchok
सम्पर्क नं : 9851160297

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/३१ गते

यस कम्पनीको मिति २०८३/०१/३१ को विशेष साधारण सभाको निर्णयबाट यस कम्पनीको नाम मेल मार्केज ब्युटी एकेडेमी प्रा.लि.बाट परिवर्तन गरी ए.एम.युनिसेक्स सैलुन एण्ड एकेडेमी प्रा.लि. गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१८ को निर्णयले स्विकृति प्रदान गरेको हुँदा साविक नामको कम्पनीको सम्पूर्ण सम्पत्ति दायित्व, कर आदि र शैक्षिक कार्यक्रमहरू यसै परिवर्तित कम्पनी **ए.एम.युनिसेक्स सैलुन एण्ड एकेडेमी प्रा.लि.** को नामबाट सञ्चालन गरिने जानकारी सहित यो सार्वजनिक सूचाना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७०।०४।०७ मा दर्ता भएको प्रा.लि.नं. ११४२८९ को **हिमालय पर्वत प्लान्ट प्रोडक्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको ३५ दिने सूचना**

प्रकाशित मिति २०८३/०३/३१ गते

यस कार्यालयमा मिति २०८०/०८/२२ मा दर्ता भएको **तेजुश्री सप्लायर्स प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३२४६८४)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**साउदीमा रोजगार** कम्पनी : AZARA HOLDING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/03/30 | LT. No. 344939 | चलानी नं. ६०२५८२०७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server | 2 | 0 | 1200 | ४८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४८,९९५ | | | | | | | |
| 3 | Office and Facility Cleaner | 6 | 0 | 1000 | ४०,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

**साउदीमा रोजगार** कम्पनी : ARABIAN OPERATION AND MAINTENANCE COMPANY
शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८३/03/30 | LT. No. 344937 | चलानी नं. ६०२५८२२४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD WORKERS | 1 | 0 | 1000 | ४०,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इं.प.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : Md Nasir Mansuri - 9851062408, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** कम्पनी : NOUR SAFA CAR MENTANANCE EST
पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344888 | चलानी नं. ६०२५८२००

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lathe Operator/ Mold Maker | 1 | 0 | 2000 | ८१,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DECENT EMPLOYMENT PVT. LTD.**
श्रम इजाजत नं. ९०४/०६७/०६८
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np

**साउदीमा रोजगार** कम्पनी : WAJD NAYEF AL-DOSSARI COMPANY
पूर्व स्वीकृति मिति : २०८३/03/30 | LT. No. 344947 | चलानी नं. ६०२५८२२३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nursery Worker | 1 | 0 | 1500 | ६१,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

**साउदीमा रोजगार** कम्पनी : INTERNATIONAL SCISSORS FACTORY FOR INDUSTRY
पूर्व स्वीकृति मिति : २०८३/03/30 | LT. No. 344908 | चलानी नं. ६०२५८२१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing and packaging worker (HELPER) | 1 | 0 | 1000 | ४०,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!**
**शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ADNH CATERING, UAE
कम्पनी : एडीएनएच क्याटरीङ, युएई

Pre Approval Date : 2025-04-11 | Post Approval Date : 2026-06-30 | LT. No. 321977 | चलानी नं. ६०२३६०८९
पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/३० | एल टि न. ३२१९७७ | Invoice No. 60236089

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter (General) | 0 | 44 | 1200 | ५०,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Pre Approval Date : 2025-07-25 | Post Approval Date : 2026-03-30 | LT. No. 327893 | चलानी नं. ६०२४१६८०
पूर्व स्वीकृति मिति : २०८१/०४/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/३० | एल टि न. ३२७८९३ | Invoice No. 60241680

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 70 | 0 | 800 | ३३,४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

The final interview will be conducted in the office on 24th & 25th July 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८३ साउन ८ र ९ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५०० ।- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले व्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com| URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**युएइमा रोजगार** कम्पनी : MAJAN PRINTING & PACKAGING COMPANY L.L.C
पूर्व स्वीकृति मिति : २०८३/03/30 | LT. No. 344964 | चलानी नं. ६०२५८२१८

त्यसैले आधुनिक चिकित्सा विज्ञानको योगदान निर्विवाद छ तर उपचार क्षमतामा निरन्तर सुधार भइरहेका बेला पनि गैरसंक्रामक रोग, मानसिक स्वास्थ्य समस्या तथा अस्वस्थ जीवनशैलीसँग सम्बन्धित चुनौतीहरू तीव्ररूपमा बढिरहेका छन् । यसले स्पष्टरूपमा देखाउँछ कि दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्न उपचारसँगै रोकथाम र स्वास्थ्य प्रवर्द्धनलाई समान प्राथमिकता दिनुपर्दछ ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२१ मा विश्वभर गैरसंक्रामक रोगका कारण करिब चार करोड ३० लाख मानिसको मृत्यु भएको थियो, जुन कूल मृत्युको करिब ७५ प्रतिशत हो । नेपालमा पनि कूल मृत्युको करिब ७१ प्रतिशत यिनै रोगका कारण हुने गरेको छ । असन्तुलित आहार, शारीरिक निष्क्रियता, सुर्ती तथा मदिराको हानिकारक प्रयोग, वायु प्रदूषण, दीर्घकालीन तनाव तथा अस्वस्थ जीवनशैली यस्ता रोगका प्रमुख जोखिम कारक हुन् । यी तथ्यांकहरूले सार्वजनिक स्वास्थ्य प्रणालीलाई उपचारमुखीमात्र नभई रोकथाममुखी बनाउनुपर्ने आवश्यकता स्पष्टरूपमा औंल्याउँछन् ।

मानसिक स्वास्थ्यको अवस्था झन गम्भीर बन्दै गएको छ । नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०२४/२५ मा छ हजार ८६६ जनाले आत्महत्या गरेका थिए, अर्थात् औसतमा प्रत्येक दिन १८ देखि २० जनाले आफ्नो जीवन गुमाएका थिए । उदासी, चिन्ता, सामाजिक एक्लोपन, डिजिटल निर्भरता, बेरोजगारी, आर्थिक दबाब तथा पारिवारिक विखण्डनले मानसिक स्वास्थ्यका चुनौतीलाई थप जटिल बनाइरहेका छन् ।

विशेषगरी बालबालिका र युवामा बढ्दो स्क्रिन समय तथा डिजिटल निर्भरताले शारीरिक गतिविधि, सामाजिक सम्बन्ध र मानसिक सन्तुलनमा प्रतिकूल प्रभाव पारिरहेको छ । त्यसैले मानसिक स्वास्थ्यसँगै डिजिटल सन्तुलनलाई पनि आरोग्यमुखी जीवनशैलीको अभिन्न अंगका रूपमा समेटिनुपर्दछ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको अवस्था पनि उत्तिकै संवेदनशील छ । श्रमशोषण, मानसिक तनाव, स्वास्थ्य सेवामा सीमित पहुँच, कार्यस्थल दुर्घटना, पारिवारिक दूरी तथा स्वदेश फर्किएपछि पुनःस्थापनाका चुनौतीहरूले उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक आरोग्यमा प्रतिकूल प्रभाव पारिरहेका छन् । त्यसैले आरोग्यको अवधारणाले देशभित्रका नागरिकमात्र होइन, विदेशमा रहेका नेपाली श्रमिक तथा उनीहरूको परिवारको समग्र कल्याणलाई पनि समान प्राथमिकतामा समेट्नुपर्दछ ।

यी सबै यथार्थहरूले स्वास्थ्यलाई केवल उपचार प्रणालीका रूपमा हेर्ने परम्परागत दृष्टिकोण परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । स्वास्थ्य व्यक्ति, परिवार, शिक्षा, पोषण, मानसिक सन्तुलन, सामाजिक सम्बन्ध, कार्यस्थल, वातावरण तथा जीवनशैलीसँग अभिन्न रूपमा जोडिएको समग्र विकासको आधार हो । त्यसैले स्वस्थ समाज निर्माणका लागि केवल स्वास्थ्य मन्त्रालयको प्रयास पर्याप्त हुँदैन । शिक्षा, कृषि, श्रम, युवा तथा खेलकुद, सञ्चार, स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, धार्मिक तथा सामुदायिक संस्था तथा प्रत्येक नागरिकको सक्रिय सहभागिता आवश्यक पर्दछ । सबै पक्षको संयुक्त प्रयासबाट मात्र आरोग्यमुखी समाज निर्माण सम्भव हुन्छ । यही कारण सार्वजनिक स्वास्थ्यलाई आज बहुक्षेत्रीय, बहुपक्षीय तथा साझा राष्ट्रिय दायित्वका रूपमा परिभाषित गरिएको छ ।

नेपालका सन्दर्भमा जलवायु परिवर्तन पनि सार्वजनिक स्वास्थ्यको उदीयमान चुनौती बनेको छ । बढ्दो तापक्रम, वायु प्रदूषण, बाढी, पहिरो तथा अन्य जलवायुजन्य विपद्ले शारीरिक र मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याइरहेका छन् । त्यसैले आरोग्यमुखी जीवनशैली, स्वस्थ वातावरण तथा जलवायु अनुकूल विकासलाई परस्पर पूरक नीतिका रूपमा अघि बढाउन आवश्यक छ । विश्वव्यापीरूपमा पनि आरोग्यमुखी सोच तीव्ररूपमा विस्तार भइरहेको छ । ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार सन् २०२३ मा विश्वको वेलनेस अर्थतन्त्र करिब ६.३ ट्रिलियन अमेरिकी डलर पुगेको थियो र आगामी केही वर्षमा करिब नौ ट्रिलियन अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ । यसले विश्व समुदाय उपचारभन्दा अघि स्वस्थ जीवनशैली, पोषण, योग, ध्यान, मानसिक सन्तुलन तथा तनाव व्यवस्थापनतर्फ उन्मुख भइरहेको स्पष्ट देखाउँछ । नेपालले पनि यस परिवर्तनलाई सार्वजनिक स्वास्थ्य नीति, मानव पुँजी विकास तथा दिगो आर्थिक रूपान्तरणसँग जोड्न सक्नुपर्दछ ।

नेपाल प्राकृतिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले आरोग्यमुखी विकासका लागि विशिष्ट सम्भावना बोकेको राष्ट्र हो । हिमालय, जैविक विविधता, स्थानीय खाद्य प्रणाली, औषधीय जडीबुटी, योग, ध्यान, आयुर्वेद, बौद्ध तथा वैदिक दर्शन, लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ तथा अन्य आध्यात्मिक केन्द्रहरूले नेपाललाई विश्वस्तरीय आरोग्य तथा आध्यात्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने बलियो आधार प्रदान गर्दछन् । साथै, नेपाली समाजका परम्परागत खानपान, पैदल हिँड्ने संस्कृति, सामुदायिक सहकार्य तथा प्रकृतिसँगको निकट सम्बन्ध आफैंमा आरोग्यमुखी जीवनशैलीका महत्त्वपूर्ण आधार हुन् । यिनलाई वैज्ञानिक अनुसन्धान, गुणस्तरीय सेवा तथा अन्तर्राष्ट्रिय मापदण्डसँग जोड्न सकियो भने सार्वजनिक स्वास्थ्य प्रवर्द्धनसँगै रोजगारी, स्थानीय अर्थतन्त्र तथा हरित विकासमा महत्त्वपूर्ण योगदान पुग्न सक्दछ ।

आरोग्य भनेको रोगको अनुपस्थितिमात्र होइन । यो शरीर, मन, भावना, परिवार, सामाजिक सम्बन्ध, कार्यसंस्कृति, वातावरण तथा जीवनशैलीबीचको सन्तुलित अवस्था हो । त्यसैले आरोग्य आधुनिक चिकित्साको विकल्प होइन; बरु आधुनिक चिकित्सा, सार्वजनिक स्वास्थ्य, मानसिक स्वास्थ्य तथा स्वस्थ जीवनशैलीलाई एकीकृत गर्ने समग्र दृष्टिकोण हो । उपचारले रोग व्यवस्थापन गर्दछ र जीवन बचाउँछ भने आरोग्यमुखी जीवनशैलीले रोगको जोखिम घटाउँछ, जीवनको गुणस्तर अभिवृद्धि गर्दछ तथा दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्दछ । भविष्यको प्रभावकारी स्वास्थ्य प्रणाली उपचार र रोकथाम दुवैलाई समान महत्त्व दिने सन्तुलित अवधारणामा आधारित हुनुपर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गरेको छ । यस संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्न उपचार सेवाको विस्तारसँगै स्वास्थ्य प्रवर्द्धन र रोगको रोकथामलाई पनि समान प्राथमिकतामा राख्न आवश्यक छ । यही दृष्टिकोणलाई विश्व स्वास्थ्य संगठनले स्वास्थ्य प्रवर्द्धन तथा सबै नीतिमा स्वास्थ्यको अवधारणामार्फत जोड दिएको छ । यसको सार के हो भने स्वास्थ्य मन्त्रालयलेमात्र होइन, शिक्षा, कृषि, वातावरण, खाद्य प्रणाली, सहरी विकास, यातायात, श्रम, सञ्चार, खेलकुद, पर्यटन तथा स्थानीय सरकारले पनि आफ्ना नीति र कार्यक्रममार्फत नागरिकको आरोग्य प्रवर्द्धन गर्ने साझा दायित्व वहन गर्नुपर्दछ भन्ने हो । नेपालमा यही बहुक्षेत्रीय दृष्टिकोणलाई व्यवहारमा उतार्न सकियो भने स्वस्थ, सक्षम, प्रतिस्पर्धी तथा समृद्ध समाज निर्माणको बलियो आधार तयार हुने छ ।

विश्व स्वास्थ्य संगठनले स्वस्थ बुढ्यौलीलाई सार्वजनिक स्वास्थ्यको प्रमुख प्राथमिकतामध्ये एकका रूपमा जोड दिएको छ । नेपाल पनि क्रमशः वृद्धजनको संख्या बढ्दै गएको समाजतर्फ उन्मुख भइरहेका कारण स्वस्थ बुढ्यौलीलाई राष्ट्रिय स्वास्थ्य नीतिको अभिन्न अंग बनाउनु आवश्यक छ । नियमित शारीरिक गतिविधि, सन्तुलित पोषण, मानसिक सक्रियता र सामाजिक सहभागिताले वृद्धावस्थामा पनि स्वस्थ, सक्रिय र सम्मानजनक जीवन सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछन् ।

परिवार; आरोग्यमुखी समाजको पहिलो विद्यालय हो । स्वस्थ आहार, नियमित व्यायाम, पर्याप्त निद्रा, डिजिटल उपकरणको सन्तुलित प्रयोग, पारिवारिक संवाद, भावनात्मक सहयोग तथा अनुशासित जीवनशैलीको संस्कार परिवारबाटै विकास हुन्छ । सञ्चारमाध्यम, शैक्षिक संस्था, धार्मिक तथा सांस्कृतिक संगठन, नागरिक समाज र निजी क्षेत्रले पनि वैज्ञानिक प्रमाणमा आधारित स्वास्थ्य साक्षरता अभिवृद्धि गर्दै स्वस्थ जीवनशैलीलाई सामाजिक आन्दोलनका रूपमा स्थापित गर्न सक्दछन् । विशेषगरी सामाजिक सञ्जालको बढ्दो प्रभावकाबीच गलत सूचना तथा छद्मवैज्ञानिक स्वास्थ्य दाबीबाट नागरिकलाई जोगाउनु आजको महत्त्वपूर्ण दायित्व हो ।

आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई संयुक्त राष्ट्रसंघका दिगो विकास लक्ष्य, नेपालको सार्वभौमिक स्वास्थ्य पहुँच, मानव पुँजी विकास, सामाजिक समावेशिता, जलवायु अनुकूल विकास तथा दिगो आर्थिक समृद्धिसँग एकीकृत गरी कार्यान्वयन गर्नुपर्दछ । स्वस्थ जनशक्ति कुनै पनि राष्ट्रको सबैभन्दा महत्त्वपूर्ण उत्पादनशील पुँजी हो । रोकथाममुखी सार्वजनिक स्वास्थ्य प्रणालीले उपचार खर्च घटाउँछ, श्रम उत्पादकत्व बढाउँछ, परिवारको आर्थिक भार कम गर्छ तथा राष्ट्रिय अर्थतन्त्रलाई थप सुदृढ बनाउँछ । यस अर्थमा आरोग्यमुखी जीवनशैलीमा गरिने लगानी खर्च होइन, राष्ट्रको भविष्य, मानव पुँजी र दिगो समृद्धिमा गरिने रणनीतिक लगानी हो ।

नेपालले अब उपचारमुखी सोचसँगै आरोग्यमुखी विकासको राष्ट्रिय यात्रा आत्मविश्वासका साथ प्रारम्भ गर्नुपर्दछ । ‘औषधिभन्दा अघि चेतना, रोगभन्दा अघि रोकथाम’ भन्ने सन्देश अस्पतालभित्र मात्र सीमित नरही विद्यालय, परिवार, कार्यस्थल, सञ्चारमाध्यम, स्थानीय सरकार, निजी क्षेत्र तथा प्रत्येक नागरिकको दैनिक व्यवहारमा रूपान्तरण हुनुपर्दछ । जब आरोग्य व्यक्तिगत अभ्यासबाट सामाजिक संस्कृतिमा र सामाजिक संस्कृतिबाट राष्ट्रिय चरित्रमा रूपान्तरण हुन्छ, तबमात्र स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, प्रतिस्पर्धी अर्थतन्त्र र समृद्ध नेपालको आधार निर्माण हुने छ ।

अन्ततः कुनै पनि राष्ट्रको वास्तविक शक्ति अस्पतालको संख्या वा उपचार सेवाको विस्तारबाट मात्र मापन हुँदैन । त्यसको वास्तविक मापन स्वस्थ, सचेत, नैतिक, अनुशासित, उत्पादनशील तथा सिर्जनशील नागरिकबाट हुन्छ । उपचार सधैँ अपरिहार्य रहने छ, तर उपचारलाई मात्र स्वास्थ्यको पर्याय मान्ने सोच अब पर्याप्त छैन । भविष्यको समृद्ध नेपाल निर्माणका लागि उपचार र आरोग्यबीच सन्तुलित समन्वय स्थापित गर्दै रोकथाममुखी, मानव केन्द्रित तथा दिगो सार्वजनिक स्वास्थ्य प्रणाली निर्माण गर्नु समयको अपरिहार्य आवश्यकता हो ।

यही दृष्टिले ‘आरोग्य जीवन राष्ट्रिय अभियान, २०२७’ केवल स्वास्थ्य क्षेत्रको कार्यक्रम होइन; यो स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको साझा राष्ट्रिय अभियान हो । उपचार र रोकथामबीचको सन्तुलित समन्वयमार्फत आरोग्यमुखी संस्कृतिको विकास गर्न सकियो भने नेपालले स्वास्थ्यलाई विकासको केन्द्रमा स्थापित गर्दै समावेशी, दिगो र समुन्नत राष्ट्र निर्माणतर्फ ऐतिहासिक फड्को मार्न सक्ने छ । *रासस*



**पहिरो पन्छाउँदै प्रहरी** | पृथ्वी राजमार्ग सडकअन्तर्गत तनहुँको व्यास नगरपालिका-१ मुसे खोला नजिक मंगलबार बिहान खसेको पहिरो पन्छाउँदै सुरक्षाकर्मी । *तस्बिरः रासस*

# सार्वजनिक जग्गा संरक्षणमा सक्रिय पोखरा महानगर

**गण्डकी–** पोखरा महानगरपालिकाले सोमबार पोखरा सभागृहमा आयोजना गरेको सार्वजनिक सुनुवाइमा पोखरा बसपार्क, फिर्के खोलालगायत क्षेत्रका सार्वजनिक जग्गालाई अतिक्रमणमुक्त बनाउन महानगरले खेलेको भूमिकाले चर्चा पायो । प्रश्नकर्ताले महानगरसँग सम्बन्धित कतिपय विषयमा गुनासा राखे पनि सार्वजनिक जग्गा संरक्षणमा महानगरको नेतृत्वले लिएको पहलकदमीको भने प्रशंसा गरे ।

महानगरपालिकाले हालैमात्र पोखरा बसपार्क, अमरसिंहचोक र फिर्के खोलाको अतिक्रमित जग्गा खाली गराएको थियो । सबैको सहयोग र समर्थनमा महानगरले अतिक्रमित संरचना डोजर लगाएर हटाएको थियो । कार्यक्रममा पोखराका अन्य क्षेत्रमा सार्वजनिक जग्गा मिचेर बनाइएका संरचनाबारे उठेका प्रश्नको जवाफ दिँदै महानगर प्रमुख धनराज आचार्यले किन्तु परन्तु भनेर सार्वजनिक जग्गा संरक्षणको अभियानबाट महानगर पछाडि नहट्ने बताए ।

'केही समयभित्रै महानगरले पोखरामा रहेको सार्वजनिक जग्गाको लगत विवरण सार्वजनिक गर्छ, वन क्षेत्रसमेत गरी झण्डै ८१ हजार रोपनी सार्वजनिक जग्गा रहेको प्रारम्भिक अनुमान छ,' उनले भने, 'सार्वजनिक जग्गा यकीन गर्दा यदि कसैले जग्गा अतिक्रमण गरेको पाइएमा जग्गा खाली गर्न सूचित गर्छौं, सम्बन्धितले खाली नगरेमा प्रक्रियाअनुसार महानगर आफैंले अतिक्रमण हटाउँछ, यसमा कुनै सम्झौता हुँदैन ।' कुनैबेला पाटन र चौरका नामले चिनिने पोखरामा अहिले खुला ठाउँ देख्न पनि मुस्किल हुन थालिसकेको उनको भनाइ थियो ।

प्रमुख आचार्यले महानगरका ३३ वटै वडामा खेलमैदान र उद्यान निर्माणको योजना अगाडि सारिएको सुनाए । उनले फिर्के खोलाको खोलाघरभित्र निर्माण गरिएका १६० वटा संरचना हटाइसकिएको र अझै केही संरचना हट्न बाँकी रहेको बताए ।

अँधेरी कुनादेखि गाईघाटसम्मको आठ किलोमिटरमा समेटिएको फिर्के खोलाको किनारमा पैदलमार्ग र साइकलमार्गसहितको आकर्षक करिडोर बनाउने महानगरको योजना छ । प्रमुख आचार्यले पोखरा बसपार्कमा बसोबास गर्दै आएका सुकुमबासीको उचित व्यवस्थापनपछि बसपार्क निर्माणको काम सुरु हुने जानकारी दिए ।

कार्यक्रमका सहभागीहरूले बसपार्कका लागि अधिग्रहण गरिएको १८७ रोपनी जग्गाकै बसपार्क बनाउनुपर्ने सुझाव दिएका थिए । प्रमुख आचार्यले बसपार्क क्षेत्रमा कतिपयको व्यक्तिगत जग्गा भएकाले तिनलाई मुआब्जा दिएर अन्यत्र व्यवस्थापन गर्न सकिएमा सबै क्षेत्रमा बसपार्क बन्ने बताए । 'व्यक्तिको लालपुर्जा भएको जग्गालाई मुआब्जा दिन नसकिने अवस्थामा अहिले रहेकै ठाउँमा व्यवस्थापन गर्नुपर्छ,' उनले भने, 'बसपार्कको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ, अतिक्रमित जग्गा सबै खाली गरेर बसपार्क बनाउँछौं ।'

पोखरा-१ स्थित टुँडिखेलको जग्गा पनि यकीन गर्ने काम छिट्टै सुरु गरिने उनले बताए । सडक, राजकुलो, चौरलगायत जुनसुकै सार्वजनिक जग्गा अतिक्रमण गर्नु कानुनविपरीत हुने उनको भनाइ छ । यदि कसैले त्यस्तो जग्गामा मिचेर निजी संरचना, व्यवसाय सञ्चालन गरेको भए पनि आफैं जग्गा खाली गर्न प्रमुख आचार्यले आग्रह गरे ।

प्रश्नकर्ताले महानगरको सेवा प्रवाह, विकास निर्माणका गतिविधि आदिका विषयमा प्रश्न उठाएका थिए । भूपेन्द्र गिरीले राम्रो काम गर्ने जनप्रतिनिधि र कर्मचारीलाई पुरस्कृत र गलत गर्नेलाई दण्डित गर्नुपर्ने बताए । उनले सार्वजनिक ठाउँमा उद्यान निर्माण गर्न महानगरलाई सुझाव दिए ।

स्थानीवासीले भरत चालिसेले फिर्के खोलाको मापदण्ड कायम हुनुपर्ने बताए । उनले पोखरामा रहेका राजकुलो र नहरको जग्गा पनि अतिक्रमणमा परेको भन्दै तिनको संरक्षण गर्न माग गरे । अर्का सहभागी प्रभात कँडेलले सार्वजनिक जग्गा मिचेर रिसोर्ट बनाउनेलाई महानगरले बेवास्ता गरेको उल्लेख गर्दै कानुन सबैका लागि समानरूपमा लागू हुनुपर्ने बताए ।

पोखरा-१ का चन्द्रबहादुर गुरुङले १८७ रोपनी जग्गामै पोखरा बसपार्क बन्नुपर्ने धारणा राखे । यस्तै, अशोक राईले सुकुमबासीको उचित व्यवस्थापन गरेर मात्र बसपार्कको निर्माणका प्रक्रिया सुरु गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रविण सुवेदी, किशोर भण्डारीलगायत सहभागीहरूले महानगरको कार्यसम्पादन, सेवा प्रवाह आदिका विषयमा प्रश्न राखेका थिए । प्रमुख आचार्यसहित जवाफदेहीका तर्फबाट सहभागीका प्रश्न र गुनासा सम्बोधन गर्ने प्रतिबद्धता जनाइएको थियो । *रासस*

# खोटाङको बास्पानीस्थित 'खकलुङ'को संरक्षण गरिँदै



**खोटाङ–** किरात साम्पाङ राई समुदायको ऐतिहासिक एवं उद्गमथलो मानिने खोटाङको बास्पानीस्थित 'खकलुङ'को संरक्षण तथा प्रवर्द्धन योजना अघि बढेको छ ।

जिल्लाको उत्तरपूर्वी क्षेत्रमा पर्ने केपिलासगढी गाउँपालिका-३ बास्पानीमा अवस्थित खकलुङको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधारका संरचना निर्माणको काम सुरु गरिएको हो ।

नेपाल सरकार, सहरी विकास मन्त्रालयको ८९ लाख ३० हजार रूपैयाँ बजेटबाट पहिलो चरणमा पर्खाल निर्माण गरिएको छ । किरात साम्पाङ राई जुम्लेखा केन्द्रीय कार्यसमितिको पहलमा १४ करोड ६६ लाख रूपैयाँको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)तयार पारी काम थालिएको छ ।

किरात साम्पाङ राई समुदायको ऐतिहासिकस्थल एवं उद्गमस्थल खकलुङमा क्रमशः कार्यालय भवन, संग्रहालय, पाहुना घर, पार्किङस्थल, शौचालयलगायतका भौतिक संरचना निर्माण गरिने किरात साम्पाङ राई जुम्लेखा खोटाङका अध्यक्ष प्रताप राईले जानकारी दिएका छन् । जुम्लेखाको नाममा रहेको १५ रोपनी सार्वजनिक जग्गामा आवश्यक संरचना निर्माण गरिने जनाइएको छ । खोक्मास्थित खकलुङलाई साम्पाङ राईको ऐतिहासिक एवं उद्गमस्थल मानिन्छ ।

त्यहाँ हरेक वर्षको उँभौली र उँधौली साकेला चाडमा साम्पाङ राई भेला भई पूजाआजा गर्दै साकेला सिली नाच्ने गरेका छन् । आयोजना गरेको निरीक्षणपछि जुम्लेखाका केन्द्रीय अध्यक्ष वीरकाजी राईले डिजाइन र लागतअनुसार मेसिनरी वाल बनेको प्रतिक्रिया दिएका छन् । 'यो हाम्रो ऐतिहासिकस्थल हो । यहाँ बन्ने हरेक संरचनामा हाम्रो नजर पुगेको छ,' उनले भने, 'किरात साम्पाङ राईहरूको ऐतिहासिक एवं उद्गमथलो खकलुङको संरक्षण तथा प्रवर्द्धन गर्नु हामी सबैको दायित्व हो । यसले पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्छ ।'

भौतिक पूर्वाधार विकास कार्यालय खोटाङका प्रमुख इञ्जिनियर विनम दाहालका अनुसार डिपिआरबमोजिम नै मेसिनरी वालको काम भएको जनाइएको छ । सहरी विकास मन्त्रालयबाट विनियोजित बजेटमार्फत भौतिक पूर्वाधार विकास कार्यालय खोटाङले खकलुङको प्रवर्द्धन तथा स्तरोन्नतिको काम गराएको हो ।

बास्पानीस्थित खोक्माको खकलुङमा साम्पाङ राई समुदायको पुर्खा 'रेप्सुना'ले पहिलोपटक पाइला टेकेको भन्ने किम्वदन्ती छ । खकलुङ, रुमालुङ र साम्फलुङ नजिकै बाह्रै महिना पानी जम्ने 'खकलुङ कुवा'समेत छ । खकलुङ र रुमालुङलाई साम्पाङ राई भाषामा फुपालुङ र मुमालुङ (बाजेबजू) ढुंगासमेत भन्ने गरिएको जुम्लेखा खोटाङका जिल्ला अध्यक्ष राईले जानकारी दिएका छन् । साम्फलुङ भने जमिनमुनि दबिएको अवस्थामा छ ।

साम्पाङ राई भाषामा 'साम्फ' भनेको समथर भन्ने हुन्छ । साम्फलुङमा परापूर्वकालमा ओडार रहेको र सोही ओडारमा बसेका साम्पाङ राईका पुर्खाबाट सन्तान वृद्धि भएर देशभर फैलिएको दाबी गरिँदै आएको छ । *रासस*


## साउदीमा रोजगार

कम्पनी : SAQIF RESTAURANTS FOR CATERING

पूर्व स्वीकृति मिति : २०८३/03/30 | LT. No. 344943 | चलानी नं. ६०२५८१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Direct Sellar | 4 | 0 | 2000 | ८१,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३

Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


# बाढी आउँदा विश्वकै ठूलो शालिग्राम शिला डुबानमा



**पर्वत–** पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको संगमस्थलमा रहेको विश्वकै ठूलो शालिग्राम शिला डुबानमा परेको छ । दुई दिनदेखि लगातार परेको वर्षाका कारण कालीगण्डकी नदी र सेतीखोलाको जलसतह बढेपछि शालिग्राम शिला डुबानमा परेको हो ।

शिलामा जाने बाटो, नजिकै रहेको सत्तल र परिक्रमास्थलसमेत डुबिसकेको शालिग्राम विद्याश्रमका संरक्षक कुलराज तिवारीले मंगलबार जानकारी दिए । उनका अनुसार कालीगण्डकीको बहाव बढेपछि शालिग्राम शिला डुबानमा परेको हो ।

निरन्तर वर्षाका कारण कालीगण्डकी र सेतीखोलामा पानीको सतह ह्वात्तै बढेको छ । शिला डुबानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डित विस्थापित बनेका छन् भने नियमित पूजापाठ र दर्शन गर्न आउने भक्तजन पनि शालिग्राम शिलाको दर्शन गर्नबाट वञ्चित भएका छन् ।

सेतीवेणीमा मिसिने सेतीखोलाको बहाव र कालीगण्डकीको उच्च बहावका कारण शिला परिक्रमास्थलसमेत पूर्णरूपमा क्षतविक्षत बनेको स्थानीय तिलक पराजुलीले बताए । उनले शिला क्षेत्र डुबानमा परे पनि बस्तीमा भने तत्काल कुनै खतरा नरहेको जानकारी दिए । पवित्र शालिग्राम शिलासँगै शालिग्राम क्षेत्रका सत्तललगायतका सबै संरचना डुबानमा परेका छन् । शिला संरक्षणका लागि बनाइएको तटबन्ध र ग्याबियन जालीसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जान रोक लगाइएको छ ।

कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङजा र गुल्मी जिल्लाको सीमामा पर्ने सेतीवेणी बजार डुबानको जोखिममा पर्ने गरेको छ । कालीगण्डकी र सेतीखोलाको बहाव बढेसँगै सेतीवेणी बजार डुबानमा पर्ने चिन्ताले पर्वततर्फको बजार क्षेत्र र स्याङ्जाको गल्याङ नगरपालिका-५ तर्फको बजार क्षेत्रका झण्डै २०० व्यापारी तथा सर्वसाधारण त्रसित बन्ने गरेका छन् ।

दुई वर्षअघि साउनमा आएको बाढी बजारसम्म पुग्दा एक घर भत्किएका थियो भने आधा दर्जन घर विस्थापित भएका थिए । कालीगण्डकी नदीको बहाव परिवर्तन नगरेसम्म जोखिम कायम रहने गल्याङ नगरपालिका-५ का वडाध्यक्ष घनश्याम भट्टराईले बताए । उनका अनुसार गुल्मीतर्फबाट बहाव लगेर शालिग्राम शिलाको संरक्षण गर्नुपर्ने माग रहेको छ ।

शालिग्राम शिला अवस्थित स्थान नजिक रहेका स्याङजाको गल्याङ नगरपालिका, पर्वतको विहादी गाउँपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाले आवश्यक समन्वय गरेर सेतीवेणी क्षेत्रको संरक्षण गर्नुपर्ने विहादी गाउँपालिकाका अध्यक्ष परवीन गुरुङले बताए । *रासस*

# अग्नि नियन्त्रक र नगर प्रहरीलाई विपद् व्यवस्थापन तालिम

**धनुषा (प्रस)–** सशस्त्र प्रहरी बल नेपाल र जनकपुरधाम उपमहानगरपालिकाले जनकपुरनगर प्रहरीलाई विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्धार, प्राथमिक प्रतिकार्य विषयमा प्रशिक्षित गरेको छ ।

उक्त बल र उपनगरपालिकाको समन्वयमा समुदायस्तरमा दक्ष जनशक्ति उत्पादन गर्न सञ्चालित विपद् स्वयंसेवक परिचालन विस्तारित तालिम मंगलबार सम्पन्न भएको हो । तालिम समापन समारोहमा उपमहानगरपालिका प्रमुख मनोजकुमार साहले तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई समाज र राष्ट्रप्रतिको जिम्मेवारी वहन गर्ने सिलसिलामा उच्चतमरूपमा प्रयोग गर्न नगर प्रहरीलाई निर्देशन दिए । उनले विपद्को समयमा उद्धार, राहत, जनचेतना अभिवृद्धि, जोखिम न्यूनीकरण तथा सुरक्षा निकायसँग समन्वय गरेर काम गर्नसके जनधनको क्षति घटाउन सकिने धारणा राखे ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईंटेलले पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका कारण बाढी, डुबान, आगलागी, चट्याङ, सडक दुर्घटनालगायतका विपद्का घटना बढ्दै गएकालेयस्ता तालिमले समुदायलाई विपद्सँग जुध्न सक्षम बनाउने बताए । सशस्त्र प्रहरी उपरीक्षक भीमबहादुर विष्टले बलले सीमा सुरक्षा, शान्ति सुरक्षा, विपद् व्यवस्थापन, खोज तथा उद्धार र नागरिक सेवामा निरन्तर योगदान दिँदै आएको बताए । तालिममा उपमहानगरपालिकामा कार्यरत पाँच जना अग्नि नियन्त्रक र ११ जना नगरप्रहरी सहभागी थिए ।


## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST EMPLOYMENT TO MALAYSIA

कम्पनी : हायान प्रिन्ट्स एसडिएन बिएचडि
COMPANY: HAYAN PRINTS SDN BHD | CITY: JALAN TTC 28, TAMAN TEKNOLOGI CHENG

| | | |
|---|---|---|
| Pre Approval Date : 2026-07-13 | चलानी नं. ६०२५८१३३ | एल टि न. ३४४९०४ |
| पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | Invoice No. 60258133 | LT. No. 344904 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलबः RM | मासिक तलबः ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Production Workers | 30 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६४,१७० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.
चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौ । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने विमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/- रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | ७००/– रोजगारदाता (Employer) 700/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ६ गते (22nd Jul. 2026) मा हुनेछ ।
' Candidates with working experience in a Press in Malaysia will be given high prioprity '
मलेसिया स्थित प्रेशमा काम गरेको अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
  यो शुन्य लागत अन्तर्गत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोर्ने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोर्नुपर्ने छैन ।
- Chadani doesn't have any branch offices or representatives.
  चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
  चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
  सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
  कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा, जमिन पशु चौपाय लिइने छैन ।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9851074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८५१०७४०१५ वा help.chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
1610/079/80
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

प्रभाव दैनिक

## रूपशाला

### फुलपातीका दिनमा 'आ बाट आमा २' हलमा

'आ बाट आमा २' असोज ३० गतेबाट प्रदर्शनमा आउने भएको छ । दसैंको फूलपातीका दिनदेखि देशव्यापी तथा विदेशमा पनि फिल्म प्रदर्शन गर्न लागिएको हो । निर्माण युनिटले वितरकसँगको छलफलमा फिल्मको रिलिज मिति दसैंमा फाइनल भएको जनाएको छ । आर्य इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्मको रिलिज मितिसँगै क्रोएसिया प्रदर्शन अधिकार बिक्री भएको छ । क्रोएसियाका लागि 'नेप इन्टरटेन्मेन्ट' र जाग्रेबस्थित 'बुद्ध मार्ट' ले अधिकार खरिद गरेको हो । फिल्म अब विदेशमा क्रोएसियासँगै अमेरिका, क्यानडा र जापान पनि लाग्नेछ ।



बुधबार, ३१ असार २०८३ (Wednesday, 15 July 2026)

# प्रिमियरमा 'गौंथली'को तारिफ




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'गौंथली' प्रिमियरमा रुचाइएको छ । सोमबार सिभिल महलमा भएको प्रिमियरमा चलचित्र हेर्नेले मुक्तकण्डले प्रशंसा गरेका छन् ।

नेपाली समाजको यथार्थ कथा भन्दै सिनेमा हेर्नेले चलचित्रको तारिफ गरेका छन् । २०६० को दशकभन्दा अगाडि नेपाली ग्रामिण समाजमा अधिकांश महिलाले भोगेको कथा चलचित्रले उठाएको भन्दै सिनेमाले प्रशंशा बटुलेको छ ।

जानेर/नजानेर सासुले बुहारीमाथि गर्ने व्यवहारलाई सिनेमाले उठाएको र त्यसले घर र जीवनमा पार्ने प्रभावलाई सिनेमामा मिठोसँग देखाइएको भन्दै निर्देशकको तारिफ गरिएको छ ।

चलचित्र हेर्नेहरूले पूरा अवधी 'गौंथली'ले दर्शकलाई बाँधेर राख्ने बताएका छन् । २ घण्टा २० मिनेट सिनेमा हेरुन्जेल कहीं कतै झिँझो नलाग्ने र दर्शकलाई अल्छी नलाग्ने भन्दै निर्देशकको तारिफ प्रिमियरमा पुग्नेले गरेका छन् ।

नेपाली समाजको केही समय अगाडिको वास्तविकतालाई टपक्क टिपेर अहिलेका दर्शकमाझ ल्याइदिएको भन्दै सिनेका हेर्न पुगेका कलाकार तथा अन्य क्षेत्रका व्यक्तिहरूले लेखक तथा निर्देशकको खुलेर तारिफ गरेका छन् ।

चलचित्रमा अरुण क्षेत्री र सिम्रन खड्काले गरेको अभिनयको पनि प्रिमियरमा सिनेका हेर्ने सबैले तारिफ गरेका छन् । अटिजम भएको व्यक्तिको भूमिका निर्वाह गरेका अरुण र बुहारीको भूमिकामा रहेकी सिम्रनको कामको सबैले तारिफ गरेका हुन् । चलचित्र हेर्न अग्रजदेखि नयाँ पुस्ताका कलाकारसम्म पुगेका थिए । कलाकारहरू कृष्ण मल्ल, रवि डंगोल, जितु नेपाल, निर्देशक दिवाकर भट्टराई, निर्माता रोहित अधिकारी, पत्रकार प्रकाश सुवेदीलगात थुप्रै चिरपरिचित अनुहारहरू प्रिमियरमा पुगेका थिए । उनीहरूले तत्कालीन नेपाली समाजको अनुहार चलचित्रले उतारेकाले सिनेमा चल्नेमा ढुक्क रहन निर्माण टिमलाई आग्रह गरेका छन् ।

कपिल रिजालले निर्देशन गरेको चलचित्र 'गौंथली' साउन १ गतेबाट प्रदर्शनको तयारीमा छ ।

भोला रिजाल प्रोडक्सन र सुमन गिरी प्रोडक्सनको प्रस्तुतिमा बनेको चलचित्रमा अरुण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना र राजेन्द्र नेपालीको अभिनय रहेको छ । बाल कलाकारका रूपमा अंशु ओली र प्रिन्स नेपालीले अभिनय गरेका छन् ।

चलचित्रको कार्यकारी निर्माता सरला रिजाल छिन् । निर्माताको रूपमा सुमन गिरी र डा. कपिल रिजाल छन् । इन्दु गिरी, मनिष रिजाल, प्रलय रिजाल र जीवन ओली सह-निर्माताको रूपमा रहेका छन् । डा. भोला रिजालको कथा रहेको चलचित्रको पटकथा तथा संवाद लेखनमा निर्देशक डा. कपिलसँगै निश्चल कुँवर, निरज नेपाल र गिरिराज घिमिरेले सहकार्य गरेका छन् ।

गिरिराज घिमिरे मुख्य सहायक निर्देशक रहेको यस चलचित्रमा हरि हुमागाईंको छायांकन, मिलन श्रेष्ठको सम्पादन छ ।

# 'माया भनेकै यस्तो होला' मदनकृष्णदेखि उषासम्म

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'माया भनेकै यस्तो होला' भदौ २६ गतेबाट प्रदर्शनमा आउने फिल्म हो । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले मुख्य कलाकार सबै समेटिएको पोस्टर सार्वजनिक गरेको छ ।

पोस्टरमा फिल्मका दिल श्रेष्ठ हल्दी डे मनाइरहेका छन् भने त्यसमा मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, सृष्टि श्रेष्ठ, नीति शाह, नम्रता श्रेष्ठ समेत अटाएका छन् ।

विवाहपूर्व मनाइने यो हल्दी डेमा उपस्थिति सबै प्रफुल्ल मुद्रामा छन् । हल्दी डे का लागि सजाइएको झकिझकाउ स्पेस र उपस्थितहरूको पहिरनले खानदानी परिवारको छोराको बिहे भइरहेको प्रस्ट पारेको छ ।

नम्रताको हातमा बधाईका लागि हुनेवाला दुलाहालाई दिन ल्याएको बुके छ । मदनकृष्ण भने ह्विलचेयरमा छन् । यसले उनी शारीरिक रूपमा अशक्त रहेको देखाउँछ ।

पूर्ण पारिवारिक यो पोस्टरले सिनेमा फेमेली ड्रामा रहेको बताएको छ । फिल्म अभिनेत्री रेखा थापाले निर्देशन गरेकी हुन् । रेखाको ८ वर्षपछि निर्देशन कमब्याक भएको हो ।

उनले यसअघि 'हिम्मतवाली' र 'मालिका' जस्ता फिल्म निर्देशन गरिसकेकी छन् । 'दिया एन्ड अमु फिल्मस्' को ब्यानरमा निर्माण भएको फिल्ममा मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठ, मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको मुख्य भूमिका छ ।

विशेष भूमिकामा पूर्वमिस नेपाल उषा खड्गीको पनि अभिनय छ । लक्ष्मी गिरी, विशाल पहाडी, संगम भण्डारी, रवि डंगोल, सुनिता श्रेष्ठ र विनोद पौडेल लगायतको अभिनय छ ।

'दिया एन्ड अमु फिल्मस्' को ब्यानरमा निर्माण भएको चलचित्रमा हरिनारायण श्रेष्ठ, मायादेवी श्रेष्ठ, नवराज श्रेष्ठ, जस्मिन श्रेष्ठ र प्रकाश श्रेष्ठ निर्माता छन् ।

फिल्ममा ध्रुव लम्सालको पटकथा लेखन रहेको छ । फिल्म देशभर रीच इन्टरटेन्मेन्ट, एप्पल इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरणको जिम्मा लिएका छन् ।


**कुवेतमा रोजगार** कम्पनी : SAK CONSTRUCTION COMPANY FOR GENERAL TRADING AND CONTRACTING — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/30 | LT. No. 325498 | चलानी नं.६०२३९४२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Technicians | 10 | 0 | 130 | ६४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 130 | ६४,५७० | | | | | | | |
| 3 | Draftsman - Civil | 10 | 0 | 250 | १२४,१७५ | | | | | | | |
| 4 | Electrician | 5 | 0 | 130 | ६४,५७० | | | | | | | |
| 5 | FOREMAN PLASTER MASON | 1 | 0 | 250 | १२४,१७५ | | | | | | | |
| 6 | Helper | 50 | 0 | 100 | ४९,६७० | | | | | | | |
| 7 | Mason | 25 | 0 | 130 | ६४,५७० | | | | | | | |
| 8 | Steel Fixer | 25 | 0 | 130 | ६४,५७० | | | | | | | |
| 9 | Steel Fixer Supervisors | 1 | 0 | 250 | १२४,१७५ | | | | | | | |
| 10 | Supervisor-Shuttering | 1 | 0 | 250 | १२४,१७५ | | | | | | | |
| 11 | Tiles Mason | 25 | 0 | 130 | ६४,५७० | | | | | | | |
| 12 | Tower Crane Electricians | 10 | 0 | 250 | १२४,१७५ | | | | | | | |
| 13 | Tower Crane Operator | 10 | 0 | 250 | १२४,१७५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ४/५/६ गते (20/21/22 July 2026) मा हुनेछ । फेवा इन्टरनेशनल ट्रेनिङ सेन्टर प्रा.लि., जनकपुरधाम वार्ड नं.७ मा मिति : २०८३ साउन ४/५/६ गते (20/21/22 July 2026) मा हुनेछ । मधेस टेक्निकल इन्सटिट्युट, जनकपुर १०, देविचोक मा मिति: २०८३ साउन ४/५/६ गते (20/21/22 July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80


## रंगशाला

### एसिसी वुमन्स यू-१९ प्रिमियर कप

# सतप्रतिशत जितसहित नेपाल समूह विजेता

■ प्रभाव संवाददाता

**काठमाडौं–स**तप्रतिशत जित सहित नेपाल एसीसी वुमन्स यू-१९ प्रिमियर कप क्रिकेटको समूह विजेता बनेको छ ।

समूह चरणको अन्तिम खेलमा नेपालले हङकङ चाइनालाई १ सय ८१ रनले हराउँदै नेपाल स मूह विजेता बनेको हो ।

नेपालले दिएको २ सय १२ रनको लक्ष्य पछ्याएको हङकङ ३० रनमा अलआउट भयो । नेपालकी सोनिया पाख्रिनले सर्वाधिक ४ विकेट लिईन् । अनिशा उपाध्यायले २ तथा कृष्मा गुरुङले १ विकेट लिईन् ।

सुरुवातमा ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाएर २ सय ११ रन बनायो । कप्तान सोनी पाख्रिनले ९० रन बनाएको इनिङ्समा साबित्री धामीले ५२ रनको योगदान दिईन् । अलिसा यादवले २३ रन जोडिन् । नेपालले समूह चरणमा कतार र सिंगापुरलाई फराकिलो अन्तरले हराएको थियो ।





**मलेसियामा रोजगार** कम्पनी : CHOK YON MIN RECYCLE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/03/30 | LT. No. 340684 | चलानी नं. ६०२५४०९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 20 | 0 | 1700 | ६४,०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४
SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**कुवेतमा रोजगार** कम्पनी : INFINITY COMPANY FOR GENERAL BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/२३ | पुन विज्ञान स्वीकृति मिति : २०८३/03/30 | LT. No. 334966 | चलानी नं. ६०२४८६५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 15 | 15 | 110 | ५४,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



**मलेसियामा रोजगार** कम्पनी : SPX XPRESS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/03/30 | LT. No. 344726 | चलानी नं. ६०२५४४९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Workers | 50 | 0 | 1700 | ६४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dream International H.R.
Chakrapath-4, Kathmandu, Head office, Nepal
Phone : 01-4548444, 9801031980, 9851030654, 9851170270, E-mail : info@dreamintl.com.np
श्रम ईजाजत नं. १७३२/०८१/०८२


# एसियाली पौडी च्याम्पियनसिपमा नेपालका १६ खेलाडी

■ प्रभाव संवाददाता

**काठमाडौं–** उमेर समूहको एसियाली पौडी च्याम्पियनसिपमा नेपालका १६ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

थाइल्यान्डको बैंककमा जुलाई १७ देखि २५ तारिखसम्म हुने प्रतियोगितामा ६ पुरुष र १० महिला खेलाडीले नेपालीको चुनौती पेश गर्ने भएका हुन् । च्याम्पियनसिपमा सहभागी हुने नेपाली टोलीलाई बिहीबार बिदाइ गरिएको छ ।

खेलाडीहरूमा आरभ अग्रवाल, आरोन भण्डारी, आरुष अवाले, अभिभ प्रधान, इसान क्षेत्री तिवारी, रेवन्तबहादुर श्रेष्ठ, आभा वैद्य, आध्याश्री जोशी, अनाया श्रेष्ठ, देवान्शी जोशी, इरा अमात्य, पलिशथा शाक्य, राज्भी सौम्य शाह, सम्यामी घिमिरे, संस्कृति अधिकारी र सेरेन अवाले रहेका छन् । टोली प्रमुख राजु महर्जन, प्रमुख प्रशिक्षक सुदीप राजभण्डारी र प्रशिक्षक सुमन महर्जन ।



टोलीलाई सफताको शुभकामना दिदै शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेल, राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहता, युवा तथा खेलकुद मन्त्रालयका सल्लाहकार राजु सिंह र नेपाल पौडी संघका अध्यक्ष जगतमान श्रेष्ठले सिंहदरबारमा बिदाई गरेका छन् ।

# एनएसएसएफ र हिसानबीच सम्झौता

**काठमाडौ (प्रस)–** नेपाल स्कुल स्पोर्ट्स फेडरेसन (एनएसएसएफ) र उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) बीच ५ वर्षेका समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

यस द्विपक्षीय सम्झौताको मुख्य उद्देश्य देशभरिका हिसानमा आबद्ध उच्च माध्यमिक विद्यालय र कलेजहरूमा संस्थागत विद्यालय खेलकुदको व्यवस्थित विकास, प्रवर्द्धन र समन्वय गर्नु रहेको एनएसएसएफले जनाएको छ ।

उक्त औपचारिक समझदारी पत्रमा एनएसएसएफका केन्द्रीय अध्यक्ष विनोद श्रेष्ठ र हिसानका केन्द्रीय अध्यक्ष युवराज शर्माले हस्ताक्षर गरेका हुन् ।

हस्ताक्षर समारोहमा एनएसएसएफका उपाध्यक्ष मोहन कुमार कार्की, अन्तर्राष्ट्रिय स्कुल स्पोर्ट्स फेडरेसनका कार्यकारी समिति सदस्य राजकुमार कार्की, हिसानका महासचिव रामहरि सिलवाल, एनएसएसएफका बोर्ड सदस्य तथा सीएफओ सोविनराज रेग्मी, एनएसएसएफका बोर्ड सदस्य खड्ग बहादुर थापा र एनएसएसएफकै बोर्ड सदस्य पदम रानाको उपस्थिति रहेको थियो ।


**जापानमा रोजगार** कम्पनी : TOPAIM OKINAWA BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/03/30 | LT. No. 325346 | चलानी नं. ६०२३९९९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Deli food manufacturing industry | 5 | 0 | 170,000 | १६०८४३ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२



मंगलबार जापानको वाकायामा प्रान्तको नाचिकात्सुरा सहरमा आयोजित महोत्सवमा सहभागीहरू ज्वलन्त टर्चसहित परेड गर्दै। *तस्बिर: एपी*

# हर्मुज सुरक्षामा अमेरिकी खर्चको क्षतिपूर्ति माग

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज जलघाँटीहुँदै हुने अन्तर्राष्ट्रिय समुद्री यातायातको सुरक्षा सुनिश्चित गर्न अमेरिकाले निर्वाह गरिरहेको भूमिकाको आर्थिक प्रतिफल खाडी राष्ट्रहरूले तिर्नुपर्ने बताएका छन् । साथै, हालैको अमेरिकी सैन्य कारबाहीपछि इरानको सैन्य क्षमता व्यापकरूपमा कमजोर बनेको दाबी गर्दै उनले तेहरानलाई केही महिनाअघिको अवस्थाबाट निकै पछाडि धकेलिएको टिप्पणी गरेका छन् ।

ओभल अफिसमा पत्रकारहरूसँग कुराकानी गर्दै राष्ट्रपति ट्रम्पले विश्वकै सबैभन्दा संवेदनशील र रणनीतिक समुद्री मार्गमध्ये एक मानिने हर्मुज जलघाँटीको सुरक्षाका लागि अमेरिकाले ठूलो जिम्मेवारी वहन गरिरहेको उल्लेख गरे । त्यसका कारण त्यस क्षेत्रबाट प्रत्यक्ष लाभ लिने खाडी राष्ट्रहरूले अमेरिकालाई आर्थिक क्षतिपूर्ति दिनुपर्ने उनको भनाइ थियो ।

पछि न्युजम्याक्ससँगको अन्तर्वार्तामा उनले हालैको अमेरिकी सैन्य कारबाहीले इरानको सैन्य संरचनामा गम्भीर क्षति पुगेको दाबी गरे । इरानको नौसैनिक शक्ति, हवाई क्षमता, राडार प्रणाली, हवाई प्रतिरक्षा संयन्त्र तथा हतियार उत्पादन गर्ने पूर्वाधारमा ठूलो असर परेको उनको भनाइ थियो ।





राष्ट्रपति ट्रम्पले इरानसँग रहेका १५९ वटा नौसैनिक जहाजमध्ये अधिकांश नष्ट भएको दाबी गर्दै अहिले ती समुद्रको सतहमुनि पुगेको टिप्पणी गरे । त्यस्तै, इरानका करिब २०० वटा विमान नष्ट भएको, राडार तथा एन्टी-एयरक्राफ्ट प्रणाली ध्वस्त पारिएको र हतियार उत्पादन गर्ने क्षमता करिब ८४ प्रतिशतसम्म कमजोर बनाइएको उनले दाबी गरे ।

निरन्तर सैन्य अभियानपछि इरानको आक्रामक क्षमता उल्लेखनीयरूपमा घटेको भन्दै ट्रम्पले अहिलेको इरान चार महिनाअघिको इरानभन्दा पूर्णरूपमा फरक अवस्थामा पुगेको बताए । उनका अनुसार इरानसँग अझै केही मिसाइल र सीमित सैन्य क्षमता बाँकी रहे पनि त्यसको प्रभाव पहिलेको तुलनामा निकै कम भइसकेको छ ।

इरानलाई मध्यपूर्वको अस्थिरताको प्रमुख स्रोतका रूपमा चित्रण गर्दै राष्ट्रपति ट्रम्पले आफ्नो प्रशासनले तेहरानप्रति कडा नीति अवलम्बन गरेको दोहोर्‍याए । उनले इरानले आफूलाई दबाबमा पार्न नसकेको र आफ्नो प्रशासनले त्यसलाई स्वीकार नगरेको पनि बताए । *रासस/एएनआई*

# खमेनी परिवारबारे ट्रम्पको नयाँ दाबी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानका सर्वोच्च नेता अयातुल्ला अली खमेनीका छोरा मोजताबा खमेनी सैन्य कारबाहीपछि ‘९० प्रतिशत निष्क्रिय’ भएको दाबी गर्दै इरानको शीर्ष सैन्य नेतृत्व लगभग समाप्त भइसकेको बताएका छन् । यो दाबी अमेरिकाले हर्मुज जलघाँटीमा पुनः समुद्री नाकाबन्दी लागू गर्ने र त्यहाँबाट आवतजावत गर्ने जहाजहरूबाट शुल्क उठाउने घोषणा गरेसँगै सार्वजनिक भएको हो ।



फक्स न्युजसँगको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले अमेरिका र इजरायलको संयुक्त सैन्य कारबाहीले इरानको रक्षा संरचनामा गम्भीर क्षति पुर्‍याएको दाबी गरे । उनका अनुसार इरानको नौसैनिक र वायु शक्ति, हवाई प्रतिरक्षा प्रणाली तथा सैन्य नेतृत्वको ठूलो हिस्सा नष्ट भइसकेको छ ।

ट्रम्पले इरानका प्रमुख रणनीतिक सैन्य कमाण्डरहरू कारबाहीका क्रममा मारिएको दाबी गर्दै सर्वोच्च नेता अली खमेनीको पनि फेब्रुअरीको अन्त्यतिर भएको अमेरिका-इजरायलको हवाई आक्रमणमा मृत्यु भएको दाबी दोहोर्‍याए । साथै, मोजताबा खमेनी पनि उक्त सैन्य अभियानबाट गम्भीररूपमा प्रभावित भएको र उनलाई ‘९० प्रतिशत समाप्त’ भएको अवस्थामा रहेको टिप्पणी गरे ।

उनले मोजताबा खमेनी अघिल्लो हवाई आक्रमणमा लागेको गम्भीर चोटबाट उपचाररत रहेको र यस महिनाको सुरुमा इरान तथा इराकमा आयोजित सार्वजनिक अन्त्येष्टि कार्यक्रममा अनुपस्थित रहेको पनि उल्लेख गरे । यी अभिव्यक्ति अमेरिका र इरानबीच सप्ताहन्तमा पुनः मिसाइल आक्रमण आदानप्रदान भएपछि आएको हो । मिसाइल आदानप्रदानले क्षेत्रीय तनावलाई थप चर्काएको छ ।

यसैबीच ट्रम्पले अमेरिकाले ‘इरानी नाकाबन्दी’ पुनः लागू गर्ने तथा हर्मुज जलघाँटीको सुरक्षा सुनिश्चित गर्न व्यापारिक जहाजबाट शुल्क असुल्ने नीति अघि बढाएको जानकारी दिए । उनले सामाजिक सञ्जाल ‘ट्रुथ सोसल’ मा अमेरिका अब ‘हर्मुज जलघाँटीको संरक्षक’को भूमिकामा रहने उल्लेख गर्दै इरानी जहाज तथा इरानसँग सम्बन्धित कार्गोको आवतजावत रोक्ने, तर अन्य मुलुकलाई जलमार्गको स्वतन्त्र प्रयोग गर्न दिने बताए ।

ट्रम्पले जलघाँटी प्रयोग गर्ने सबै अन्तर्राष्ट्रिय कार्गोबाट मूल्यको २० प्रतिशतबराबर प्रतिपूर्ति शुल्क उठाउने प्रस्ताव पनि गरे । उनका अनुसार रणनीतिक समुद्री मार्गको सुरक्षा खर्च अन्तर्राष्ट्रिय व्यापारिक साझेदारहरूले पनि वहन गर्नुपर्छ ।

इरानका विदेशमन्त्री अब्बास अराघचीले भने ट्रम्पको प्रस्ताव अस्वीकार गर्दै हर्मुज जलघाँटीको सुरक्षा गर्ने ऐतिहासिक र कानुनी जिम्मेवारी इरानकै रहेको प्रतिक्रिया दिएका छन् । उनले सामाजिक सञ्जालमार्फत २० प्रतिशत शुल्क अत्यधिक भएको टिप्पणी गर्दै इरानले निष्पक्षरूपमा काम गर्ने बताए ।

अमेरिका र इरानबीच हर्मुज जलघाँटीको नियन्त्रण, सुरक्षा र समुद्री आवागमनलाई लिएर आरोप-प्रत्यारोप तीव्र बन्दै गएको छ । विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने यस समुद्री मार्गलाई लिएर दुवै पक्षले आ-आफ्नो दाबी थप आक्रामकरूपमा प्रस्तुत गरिरहेका छन् । *रासस/एएनआई*

# एआईको मागले चीनको निर्यातमा उछाल

**हङकङ–** कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी उत्पादनको विश्वव्यापी माग तीव्र बनेसँगै चीनको निर्यात जुन महिनामा वार्षिक आधारमा २७ प्रतिशतले वृद्धि भएको छ । अपेक्षाभन्दा राम्रो मानिएको यो वृद्धिले चीनको व्यापार अधिशेष पनि उल्लेखनीयरूपमा बढाएको छ ।



चीनको भन्सार प्रशासनका अनुसार मे महिनामा १९.४ प्रतिशतले बढेको निर्यात जुनमा थप तीव्र हुँदै २७ प्रतिशत पुगेको हो । आयात पनि जुनमा ३६ प्रतिशतले बढेको छ । यो मे महिनाको २७.४ प्रतिशत वृद्धिभन्दा उच्च हो । विश्लेषकहरूले इरानसँगको द्वन्द्वका कारण विश्वबजारमा आयात लागत बढेकाले आयातको मूल्य पनि उल्लेखनीयरूपमा बढेको बताएका छन् ।

जुन महिनामा चीनले एक खर्ब २५ अर्ब ६० करोड अमेरिकी डलरबराबरको व्यापार अधिशेष हासिल गरेको छ । यो मे महिनाको एक खर्ब पाँच अर्ब ४० करोड डलरको तुलनामा उल्लेखनीय वृद्धि हो ।

क्यापिटल इकोनोमिक्सका चीन अर्थतन्त्र प्रमुख जुलियन इभान्स-प्रिचार्डले एआई प्रविधिको तीव्र विस्तारका कारण सेमिकण्डक्टरको मूल्य बढ्नु व्यापार वृद्धिको प्रमुख कारण रहेको बताए । उनका अनुसार त्यसबाहेक पनि चिनियाँ उत्पादनप्रति अन्तर्राष्ट्रिय बजारको माग बलियो नै रहेको देखिन्छ ।

विशेषगरी विद्युतीय सवारीसाधन (इभी), सेमीकण्डक्टर, इलेक्ट्रोनिक उपकरण तथा अन्य प्रविधिमूलक वस्तुको निर्यातमा उल्लेखनीय वृद्धि भएको छ । एआईको विस्तारसँगै विश्वभर सेमिकण्डक्टर र उच्च प्रविधियुक्त उपकरणको माग बढेपछि चीनका उद्योगहरूले त्यसको प्रत्यक्ष लाभ लिइरहेका छन् । निर्यात क्षेत्रको मजबुतीले लामो समयदेखि सुस्त रहेको चीनको रियल स्टेट, घरेलु उपभोग र लगानीमा आएको कमजोरीको प्रभाव केही हदसम्म कम गर्न सहयोग पुगेको विश्लेषण गरिएको छ ।

भन्सार तथ्यांकअनुसार चालु वर्षको जनवरीदेखि जुनसम्म चीनको निर्यात वार्षिक आधारमा १७.६ प्रतिशत र आयात २६.६ प्रतिशतले बढेको छ ।

चीनसँगको बढ्दो व्यापार घाटालाई लिएर अमेरिका र युरोपेली मुलुकहरूले चिन्ता व्यक्त गर्दै आएका छन् । उच्च भन्सार महसुललगायतका अवरोध पार गर्न चिनियाँ कम्पनीहरूले युरोपलगायत अन्य क्षेत्रमा उत्पादन केन्द्र विस्तार गरिरहेका छन् । साथै, चीनले दक्षिणपूर्वी एसिया, ल्याटिन अमेरिका र अफ्रिकी बजारमा पनि निर्यात उल्लेखनीय रूपमा बढाएको छ ।

बिएनपी पारिबास सेक्युरिटिज (चीन) का वेई लीले आगामी महिनाहरूमा निर्यात वृद्धि कायम रहने सम्भावना भए पनि यसको गति क्रमशः केही कमजोर हुन सक्ने बताए । उनका अनुसार अटोमोबाइल र एआईसँग सम्बन्धित उत्पादनको निर्यात विश्वव्यापी माग तथा विभिन्न देशका नियामकीय नीतिमा निर्भर रहने छ ।

जुन महिनामा दक्षिणपूर्वी एसियातर्फ चीनको निर्यात करिब ३५ प्रतिशतले बढेको छ भने युरोपेली संघ (इयू) तर्फ १८ प्रतिशत र ल्याटिन अमेरिकातर्फ २८ प्रतिशतभन्दा बढी वृद्धि भएको छ । अमेरिकातर्फको निर्यात पनि वार्षिक आधारमा करिब १४ प्रतिशतले बढेको छ । विश्लेषकहरूका अनुसार गत वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उच्च भन्सार महसुल लागू गरेपछि आएको गिरावटको आधार प्रभावका कारण पनि पछिल्लो वृद्धि देखिएको हो ।

चीनले बुधबार अप्रिल-जुन त्रैमासिक आर्थिक वृद्धिदर सार्वजनिक गर्ने तयारी गरेको छ । चिनियाँ नेतृत्वले यस वर्ष ४.५ देखि ५ प्रतिशतसम्म आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । गत साता अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले चीनको यस वर्षको आर्थिक वृद्धिदरको अनुमान ४.६ प्रतिशतमा पुर्‍याएको थियो भने सन् २०२७ मा ४.१ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरेको छ ।

यद्यपि सरकारले अटोमोबाइल र घरेलु उपकरणमा ‘ट्रेड-इन’ अनुदानजस्ता कार्यक्रममार्फत उपभोक्ता खर्च बढाउने प्रयास गरिरहे पनि सुस्त आर्थिक गतिविधिका कारण धेरै चिनियाँ उपभोक्ता अझै ठूलो मूल्यका वस्तु खरिद गर्न सावधानी अपनाइरहेका छन् । *रासस/एपी*

# अण्डा हटेपछि पोषण र राजनीतिमा बहस

**कोलकाता–** पश्चिम बंगालका सरकारी विद्यालयको मध्याह्न भोजनबाट अण्डा हटाएर शाकाहारी भोजन लागू गर्ने निर्णयले भारतमा राजनीतिक, सामाजिक र पोषणसम्बन्धी बहस चर्किएको छ । आलोचकहरूले यसलाई बालबालिकामाथि शाकाहार थोपर्ने प्रयासको संज्ञा दिएका छन् भने राज्य सरकारले नयाँ व्यवस्थाले पौष्टिक आहारमा कुनै कमी नआउने दाबी गरेको छ ।

हालै सम्पन्न प्रादेशिक निर्वाचनपछि पहिलोपटक पश्चिम बंगालमा सत्तामा आएको भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको सरकारले राज्य सञ्चालित विद्यालयमा निःशुल्क शाकाहारी भोजन उपलब्ध गराउने जिम्मेवारी धार्मिक संस्था अन्तर्राष्ट्रिय कृष्ण चेतना समाज (इस्कोन) लाई दिएपछि यसअघिसम्म नियमित रूपमा दिइने अण्डा मेनुबाट हटाइएको हो ।

यस निर्णयसँगै भोजन, धार्मिक विश्वास र बाल पोषणबारे भारतमा लामो समयदेखि चलिरहेको बहस पुनः सतहमा आएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको दल भाजपाले शाकाहारलाई प्रोत्साहन गर्ने नीति लिँदै आएको भए पनि भारतका अधिकांश हिन्दू समुदायले मासु, माछा तथा अण्डा सेवन गर्ने गरेका छन् ।

पश्चिम बंगालकी पूर्वमुख्यमन्त्री ममता बनर्जीले अण्डा हटाउने निर्णय राज्यको खाद्य संस्कृति विपरीत भएको बताउँदै यसको आलोचना गरेका छन् । तृणमूल कांग्रेस (टिएमसी)की सांसद डोला सेनले पनि सरकारले विद्यालयका बालबालिकामाथि शाकाहारी भोजन थोपर्न खोजेको आरोप लगाइन् ।

शिक्षकहरूले भने यस निर्णयले विद्यालयको उपस्थितिमा असर पर्न सक्ने चिन्ता व्यक्त गरेका छन् । पूर्वी भारतका एक शिक्षक राजा डेका अनुसार मध्याह्न भोजन सरकारी विद्यालयमा विद्यार्थी आकर्षित गर्ने मुख्य कार्यक्रम हो र अण्डा उपलब्ध गराइने दिन विद्यालयमा उपस्थित हुने विद्यार्थीको संख्या उल्लेखनीयरूपमा बढी हुने गरेको छ ।

यद्यपि अण्डा र विद्यालय उपस्थितिबीचको सम्बन्धबारे राष्ट्रिय तथ्यांक उपलब्ध नभए पनि दक्षिणी राज्य कर्नाटकको सरकारी विवरणले गत वर्ष अण्डा वितरण हप्ताको छ दिन पुर्‍याइएपछि विद्यालय उपस्थितिदर ९३.५ प्रतिशतबाट ९८.९७ प्रतिशत पुगेको देखाएको छ ।

पश्चिम बंगालमा यसअघि हप्तामा एक दिन अण्डा उपलब्ध गराइन्थ्यो । गत महिनादेखि त्यसको स्थानमा वनस्पतिमा आधारित परिकार समावेश गरिएको छ । इस्कोनले भारतको विद्यालय मध्याह्न भोजन कार्यक्रमअन्तर्गत लामो समयदेखि शाकाहारी भोजन उपलब्ध गराउँदै आएको छ । संयुक्त राष्ट्रसंघका अनुसार यो विश्वकै सबैभन्दा ठूलो विद्यालय भोजन कार्यक्रम हो ।

अनुसन्धानहरूले मध्याह्न भोजन कार्यक्रमले विद्यालय भर्नादर बढाउन र बालबालिकामा कुपोषण तथा वृद्धि अवरोध (स्टन्टिङ) कम गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको देखाएका छन् । त्यसैले अण्डा हटाइएपछि विशेषगरी गरिब परिवारका बालबालिकाले प्रोटिन र अन्य आवश्यक पोषक तत्वको प्रमुख स्रोत गुमाउनसक्ने भन्दै जनस्वास्थ्य विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् ।

इस्कोनले भने सोयाबिन, पनिर र दालबाट अण्डासरह वा सोभन्दा बढी गुणस्तरीय प्रोटिन तथा भिटामिन उपलब्ध गराउन सकिने जनाएको छ । इस्कोनका वरिष्ठ सदस्य सुरविजय गोविन्द दासले बालबालिकालाई आवश्यक पोषण सुनिश्चित गरिने बताए ।

राज्यका शिक्षामन्त्री दीपक बर्मनले पनि शाकाहारी भोजनबाट स्वस्थ जीवन सम्भव रहेको उल्लेख गरेका छन् । तर सामुदायिक स्वास्थ्य विशेषज्ञ सिल्भिया करपागमले अण्डालाई उच्च गुणस्तरको प्रोटिनको ‘सुनौलो मापदण्ड’ मानिँदै आएको बताउँदै पर्याप्त वैज्ञानिक आधारविना यस्तो परिवर्तन गर्दा बाल पोषणमा नकारात्मक असर पर्न सक्ने चेतावनी दिए ।

यो विषय अहिले अदालतसम्म पुगेको छ । उच्च अदालतले विद्यालय मध्याह्न भोजन कार्यक्रम इस्कोनलाई हस्तान्तरण गर्ने निर्णयबारे राज्य सरकारसँग स्पष्टीकरण माग गरेको छ भने यससम्बन्धी सुनुवाइ अर्को महिना हुने तय गरिएको छ । *रासस/एएफपी*


**जोर्डनमा रोजगार** कम्पनी : SAFEWAY FOR RECRUITING DOMESTIC WORKERS

पूर्व स्वीकृति मिति : २०८३/०३/३० | LT. No.344821 | चलानी नं. ६०२५८२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव JOD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 0 | 20 | 300 | ६४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Domestic Worker (Experienced) | 0 | 25 | 350 | ७५,८२० | | | | | | | |
| 3 | Domestic Worker Male | 5 | 0 | 400 | ८६,६५० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ६ गते (22nd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Link Overseas Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004
Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com, Website: www.gulflinkoverseas.com
श्रम ईजाजत नं. ५८३/०६२/०६३

**युएइमा रोजगार** कम्पनी : PLATINUM HANDS CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०९/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/३० | LT. No. 336890 | चलानी नं. ६०२५०४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 14 | 0 | 1000 | ४१,८२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ६ गते (24th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४००० | प्रति तोला – ० | प्रति तोला – ४३६० |



**हरियाली धानखेती** | लमजुङको मध्यनेपाल नगरपालिका-६ बिमिरेपानीबाट देखिएको पिस्ती फाँटको हरियाली धानखेती । *तस्विर: रासस*

# नेपाल-इजरायल आर्थिक सहकार्य विस्तारमा जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं** – नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ र नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरी बासबीच नेपाल-इजरायलबीचको आर्थिक, व्यापारिक, लगानी तथा श्रम सहकार्य विस्तारका विषयमा छलफल भएको छ ।

महासंघ सचिवालयमा मंगलबार भएको भेटवार्तामा दुवै पक्षले नेपाल-इजरायल आर्थिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन निजी क्षेत्रको सक्रिय सहभागिता, लगानी प्रवर्द्धन, नवप्रवर्तन, प्रविधि हस्तान्तरण तथा व्यापारिक सहकार्यलाई प्राथमिकता दिने विषयमा जोड दिएका छन् । साथै सन् १९९३ मा नेपाल उद्योग वाणिज्य महासंघ र फेडरेशन अफ इजरायली चेम्बर अफ कमर्शबीच भएको सम्झौता नवीकरण गर्दै आर्थिक सहकार्य विस्तार गर्नुपर्नेमा दुवै पक्ष सहमत भएका छन् ।

अध्यक्ष श्रेष्ठले इजरायलले हासिल गरेको आर्थिक विकास नेपालका लागि प्रेरणादायी रहेको उल्लेख गर्दै विशेषगरी कृषि आधुनिकीकरण, नवीकरणीय ऊर्जा, डिजिटल नवप्रवर्तन, स्वास्थ्यलगायतका क्षेत्रमा इजरायली अनुभव नेपालका लागि अत्यन्त उपयोगी हुने बताए ।

उनले इजरायलले नेपाली श्रमिक, विशेषगरी केयरगिभरका लागि उपलब्ध गराएको सम्मानजनक रोजगारीको अवसरको पनि सराहना गर्दै सरकार-सरकार (जीटुजी) श्रम सम्झौताले पारदर्शी र सुरक्षित वैदेशिक रोजगारी सुनिश्चित गरेको बताए ।

हाल संस्थागत रूपमा नेपाली श्रमिक इजरायल गएकामा व्यक्तिगत रूपमा घरका लागि केयरगिभिङ तथा कृषि क्षेत्रमा श्रमिक लैजाने इजरायलको चाहनाले नेपाली युवाका लागि थप अवसर सिर्जना हुने उनले बताए । अध्यक्ष श्रेष्ठले नेपालमा राजनीतिक स्थायित्व कायम भएको, लगानीमैत्री वातावरण निर्माणका लागि सरकारले नीतिगत सुधार तथा व्यवसायिक प्रक्रिया सरलीकरणमा काम गरिरहेको उल्लेख गर्दै विदेशी लगानीकर्ताका लागि नेपाल आकर्षक गन्तव्य बन्दै गएको बताए ।

नेपाल र इजरायलका निजी क्षेत्रबीच व्यापारिक प्रतिनिधिमण्डल आदानप्रदान, व्यवसाय-व्यवसाय (बीटुबी) बैठक, संयुक्त लगानी तथा संस्थागत साझेदारी विस्तार गर्न महासंघ तयार रहेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले नेपाली र इजरायली व्यवसायीबीच पुलको भूमिका निर्वाह गर्न महासंघ प्रतिबद्ध रहेको बताए ।

भेटमा राजदूत बासले इजरायल नेपाली श्रमिकलाई थप रोजगारीका अवसर उपलब्ध गराउन इच्छुक रहेको बताए । हाल इजरायलले संस्थागत रूपमा नेपाली श्रमिक लैजाने गरेकामा अब व्यक्तिगत रूपमा घरका लागि केयरगिभिङ तथा कृषि क्षेत्रमा श्रमिक लैजान चाहेको बताए । साथै उनले इजरायल नेपाली महिलाका लागि सुरक्षित श्रम गन्तव्य भएको उल्लेख गर्दै भविष्यमा श्रम सहकार्यलाई अझ विस्तार गर्न सकिने धारणा राखे ।

राजदूत बासले इजरायल नेपालमा लगानी गर्न इच्छुक रहेको तर इजरायली व्यवसायीले लगानीको सुरक्षा, दाहोरो कर छुट तथा मुनाफा सजिलै लैजान सक्ने  कानूनी स्पष्टता खोजेको धारणा राखे । उनले नेपालसँग सिमेन्ट, जडीबुटी तथा औषधिजन्य उत्पादन (हर्बल तथा मेडिसिन), चिया व्यापार प्रवर्द्धन, कृषि तथा अन्य उत्पादनको मूल्य अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा निजी क्षेत्रबीच सहकार्य विस्तार गर्न इजरायल तयार रहेको बताए । उनले दुई देशका उद्योगी-व्यवसायीबीच प्रत्यक्ष सहकार्य बढ्दै गएमा व्यापार, लगानी र प्रविधि आदानप्रदानका नयाँ अवसर सिर्जना हुने विश्वास व्यक्त गरे ।

# 'समस्याग्रस्त सहकारीलाई पुन:सञ्चालनमा आउने वातावरण तयार गर्छौं'

■ **प्रभाव संवाददाता**

**पाटन**– बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले समस्याग्रस्त सहकारीलाई पुन:सञ्चालनमा आउने वातावरण तयार गरिने बताएका छन् ।

बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयद्वारा मंगलबार आयोजित समस्याग्रस्त बचत तथा ऋण सहकारी संस्थाका बचतकर्ताको बचत फिर्ता कार्यक्रममा उनले हालको समस्या समाधान भएपछि नयाँ समिति गठन गरी हस्तान्तरण गर्न सकिने बताएका हुन् ।

सहकारीमा बचत गरेका सबैको बचतको सुरक्षा गर्ने कार्यमा ध्यान दिइरहेको बताउँदै मुख्यमन्त्री बानियाँले भने, 'अब समस्याग्रस्त घोषित सहकारीका सबैले पैसा पाउने अवस्था सिर्जना गर्छौं, ऋणीको समस्या सुन्छौं, ऋण तिर्ने वातावरण तयार हुनुपर्छ, यसका लागि राज्य कठोर हुन्छ ।' उनले महिलाले सञ्चालन गरेका सहकारी, कृषि सहकारी, केही बचत तथा ऋण सहकारी राम्रोसँग चलेको बताए ।

मुख्यमन्त्री बानियाँले भने, 'मन र बचनले जनताको हितमा काम गर्ने हो, बेइमानी गर्ने सहकारी सञ्चालकलाई कानुन बमोजिम कारबाही हुन्छ, ऋण उठ्ने आधारमा प्रभावकारी कदम चालिन्छ, पैसा तिर्ने मनस्थिति बनाउने ऋणीहरूलाई सहयोग गर्न तत्पर छौं ।' त्यस अवसरमा उनले पाँच वटा समस्याग्रस्त सहकारीको १० हजारदेखि ५० हजारसम्म फिर्ता गरेर आशा जगाउने प्रयास गरेको बताए ।

> 'अब समस्याग्रस्त घोषित सहकारीका सबैले पैसा पाउने अवस्था सिर्जना गर्छौं, ऋणीको समस्या सुन्छौं, ऋण तिर्ने वातावरण तयार हुनुपर्छ, यसका लागि राज्य कठोर हुन्छ ।'

बागमती प्रदेशअन्तर्गत रहेका पाँच वटा समस्याग्रस्त बचत तथा ऋण सहकारी संस्थाकासाना बचतकर्ताहरूको बचत फिर्ता मंगलबारबाटै सुरु भएको छ । प्रदेशबाट हालसम्म सिभिल बचत तथा ऋण सहकारी संस्था सोल्टिमोड; दर्शन बचत तथा ऋण सहकारी संस्था कीर्तिपुर; सुमेरु बचत तथा ऋण सहकारी संस्था पुल्चोक; नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था सामाखुसी र लालीगुँरास बचत तथा ऋण सहकारी संस्था खुसीबुलाई समस्याग्रस्त घोषित गरिएको छ ।

प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले साना बचतकर्ताको अधिकतम रु एक लाखसम्मको बचत रकम फिर्ताको सुरुवात गरेको हो । सुमेरु बचत तथा ऋण सहकारी संस्था पुल्चोकका बचतकर्ता तीर्थमायाँ राईले सहकारीमा जम्मा गरेको आफ्नो ४८ हजार रकम फिर्ता पाएपछि खुसी लागेको प्रतिक्रिया दिए ।

नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था, सामाखुसीका जिज्ञासा मायाँ श्रेष्ठले रु ७८ हजार ५०० को चेक बुझ्दै यो कार्यले सहकारीका बचतकर्तामा आशा पलाएको बताइन् । समितिले सुरुवातमा एक हजार ७६६ बचतकर्तालाई चार करोड १५ लाख फिर्ता गर्ने जनाएको छ । कार्यालयले ऋणीबाट नौ करोड ५४ लाख उठेकोमा गम्भीर किसिमका बिरामीलाई प्राथमिकतामा राखेर फिर्ता गर्ने जनाएको छ ।

## कर्पोरेट

### ज्योति क्यापिटल र केबिएनआर इस्वा पावरबीच सेयर निष्काशन सम्झौता

ज्योति क्यापिटल लि JYOTI CAPITAL LTD ISUWA POWER LTD.

**काठमाडौं (प्रस)**– के.बी.एन.आर इस्वा पावर लिमिटेडले सर्वसाधारणलाई जारी गर्न लागेको १,१९,००,००० थान साधारण सेयरको प्रति सेयर अङ्कित मूल्य रु. १००/- का दरले कुल रु. १,१९,००,००,०००/- (अक्षरेपी एक अरव उन्नाईस करोड रूपैयाँ मात्र) को प्रत्याभुतिकर्तामा ज्योति क्यापिटललाई नियुक्त गरीएको छ । क्यापिटल र के.बी.एन.आर इस्वा पावर कम्पनीबीच सेयर प्रत्याभुति गर्ने सम्बन्धी सम्झौतामा विधिवत रूपमा हस्ताक्षर भएको छ ।

ज्योति क्यापिटल लिमिटेडको रजिष्टर्ड कार्यालय, कमलपोखरी, काठमाडौंमा आयोजित एक समारोहबिच ज्योति क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विकास ढकाल र के.बी.एन.आर इस्वा पावर लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत अनन्त कार्कीले सेयर प्रत्याभुति गर्ने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

ज्योति विकास बैंकको सहायक कम्पनीको रूपमा रहेको ज्योति क्यापिटलको चुक्ता पुंजी २१ करोड रहेको छ । हरेक ग्राहकहरूको सम्पन्नताको सहयात्री बन्ने अभिलाषा बोकेको ज्योति क्यापिटलले नेपाल धितोपत्र वोर्डबाट मर्चेन्ट बैंकरको कार्य गर्न अनुमती प्राप्त गरी धितोपत्रको निष्काशन तथा बिक्री प्रवन्धक, लगानी व्यवस्थापन, संस्थागत परामर्श, धितोपत्रको प्रत्याभूति तथा सेयर रजिष्ट्रारको सेवा प्रदान गरिरहेको छ ।

### प्रोटोन इ.मास ५ को बुकिङ खुला

**काठमाडौं (प्रस)**– नेपालका लागि प्रोटोन गाडीको आधिकारिक वितरक जगदम्बा मोटर्स प्रा।लि।ले बहुप्रतिक्षित इलेक्ट्रिक गाडी प्रोटोन इ.मास ५ को बुकिङ खुला गरेको छ भने आधिकारिक रूपमा सार्वजनिक हुनु अगावै 'गेस एन्ड बुक द अल न्यु इ.मास ५ एट योर प्राइस' नामक विशेष योजना सुरू गरेको छ ।

कम्पनीका अनुसार यस योजना अन्तर्गत ग्राहकहरूले नयाँ प्रोटोन इ.मास ५ को आधिकारिक बजार मूल्य अनुमान गरी सोही मूल्यमा गाडी खरिद गर्न सक्ने मौका पाउनेछन् । कम्पनीले तोकेकै लन्च मूल्य वा लन्च मूल्यसँग सबैभन्दा नजिकको मूल्य अनुमान गर्ने ग्राहकहरूले आफुले अनुमान गरेकै मूल्यमा सो गाडी किन्न सक्नेछन् ।




यस योजनामा सहभागी हुन इच्छुकहरूले कम्पनीको वेबसाइटमा गएर आफ्नो रोजाइको भेरियन्ट छनोट गरी 'प्राइस स्लाइडर' मार्फत आफ्नो अनुमानित मूल्य लक गरी पठाउन सक्नेछन् । मूल्य अनुमानका लागि 'इ.मास ५ प्राइम' भेरियन्टको दायरा रू. २९.९९ लाख देखि रू. ३४.९९ लाख सम्म तोकिएको छ भने 'प्रिमियम' भेरियन्टको दायरा रू. ३४.९९ लाख देखि रू. ३९.९९ लाख सम्म निर्धारण गरिएको छ ।

कम्पनीले उल्लेख गरे अनुसार, यस योजनामा नियमपुर्वक सहभागी भएकाहरूमध्येबाट 'लक्की ड्र' मार्फत प्रत्येक भेरियन्ट बाट ५ जना भाग्यशाली विजेताहरू चयन गरिनेछ । विजेताहरूले यस योजनाका सर्त तथा नियमहरूको अधीनमा रही आफूले अनुमान गरेकै मूल्यमा प्रोटोन इ.मास ५ खरिद गर्न पाउनेछन् ।

यसै बीच जगदम्बा मोटर्सले रू. १ लाख बुकिङ रकम तोकेर प्रोटोन इ.मास ५ को बुकिङ समेत खुला गरेको छ । ग्राहकहरूले बैंक अथवा अनलाइन मार्फत भुक्तानी गरी, भुक्तानीको डकुमेन्ट सेल्स कन्सलटेन्टलाई बुझाई आफ्नो बुकिङ प्रक्रिया पूरा गर्न सक्ने कम्पनीले जनाएको छ अथवा सोहि साईटमा गएर भौचर आप्लोड गरि बुक गर्न सक्ने छन् । सो साईटमा गएर बूकिंग गरेका ग्राहकको बूकिंगलाई आधार मानेर लकि ग्राहक छानिने छन् ।

## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार ३२ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ